# आर्थिक गतिविधि अध्ययन

(एकीकृत)

## प्रथम अर्ध-वार्षिक प्रतिवेदन
## (आ.व.२०७७/७८)




**नेपाल राष्ट्र बैंक**
**आर्थिक अनुसन्धान विभाग**

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ बमोजिम बैंकले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क सङ्कलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने काम गर्दछ। सोही ऐनको दफा १० को उपदफा ३ बमोजिम नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले बैंकलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक सूचना उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको नियमित सङ्कलन तथा विश्लेषणमार्फत मौद्रिक एवम् वित्तीय नीतिको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने भएका कारण नेपाल राष्ट्र बैंकले नियमित रूपमा आर्थिक गतिविधि अध्ययन गर्दै आएको छ।

आर्थिक गतिविधिको विश्लेषण तथा प्रक्षेपण गर्ने मूल आधार समयमै प्राप्त हुने विश्वसनीय तथ्याङ्क तथा सूचना नै हो। आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्थाको जानकारी भई आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्न सहयोग पुग्दछ। साथै, तथ्याङ्क तथा सूचनाले अर्थतन्त्रका विविध क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझावमार्फत सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा नेपाल राष्ट्र बैंकले सहयोग पुर्‍याउँदछ।

देशमा संघीय संरचनामा गएपश्चात् प्रशासनिक विभाजनको स्वरूप समेत परिवर्तन भएको छ। संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरिएको छ। आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ मा भएको व्यवस्था अनुसार नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयबाट प्राप्त प्रतिवेदन, स्थलगत सर्वेक्षण, सरोकारवालासँगको अन्तरक्रिया र द्वितीय तथ्याङ्कका आधारमा देशका सम्पूर्ण जिल्ला समेटी यो एकीकृत प्रतिवेदन तयार पारिएको छ। यो एकीकृत प्रतिवेदनसँगै प्रदेश अनुसार प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन पनि तयार गरिएको छ। संघीय संरचनाको परिवेशमा पर्याप्त तथ्याङ्कहरू उपलब्ध हुन नसकिरहेको स्थिति छ। तसर्थ, यस अध्ययन प्रतिवेदनका केही सीमाहरू रहेका छन्।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरू तथा तथ्याङ्क सङ्कलनमा समन्वय गर्न सहयोग पुर्‍याउनु हुने यस बैंकका प्रदेशस्थित कार्यालयप्रति आभार प्रकट गर्दछु। असहज परिस्थितिमा पनि यो प्रतिवेदन तयार पार्न संयोजन गर्नु हुने निर्देशक श्री माधव दंगाललाई विशेष धन्यवाद ज्ञापन गर्दछु। यसैगरी यो प्रतिवेदन तयार पार्न संलग्न हुनु हुने आर्थिक विकास शाखाका उप-निर्देशकहरू श्री अवन्तिका रिमाल, श्री बिन्ती श्रेष्ठ र श्री जनकराज सापकोटा, सहायक निर्देशकद्वय श्री उदयराज पौडेल र श्री एलिशा मानन्धर तथा प्रधान सहायक श्री विवेक देवकोटा र सहायक श्री रोहन ब्यञ्जनकारलाई पनि धन्यबाद दिन चाहन्छु।

डा. प्रकाश कुमार श्रेष्ठ
कार्यकारी निर्देशक

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| **सारांश** | | | |
| **परिच्छेद १ :** | **अध्ययन परिचय** | | १ |
| **परिच्छेद २ :** | **अन्तर्राष्ट्रिय आर्थिक स्थिति** | | ३ |
| **परिच्छेद ३ :** | **कृषि क्षेत्र** | | ७–१७ |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| | ३.२ | कृषि उत्पादन | ८ |
| | ३.३ | पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ | सिँचाइ | ११ |
| | ३.५ | क्षेत्रगत कृषि कर्जा | १२ |
| | ३.६ | सहुलियतपूर्ण कृषि कर्जा | १३ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १४ |
| **परिच्छेद ४ :** | **उद्योग क्षेत्र** | | १८–२२ |
| | ४.१ | प्रदेश अनुसार उद्योगको विवरण | १८ |
| | ४.२ | उद्योगको क्षमता उपयोग र उत्पादन | १८ |
| | ४.३ | क्षेत्रगत औद्योगिक कर्जा | २० |
| | ४.४ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २१ |
| **परिच्छेद ५ :** | **सेवा क्षेत्र** | | २३–३१ |
| | ५.१ | पर्यटन | २३ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २३ |
| | ५.३ | वित्तीय सेवा | २५ |
| | ५.४ | सेवा क्षेत्र कर्जा | २७ |
| | ५.५ | यातायात | २८ |
| | ५.६ | सहुलियतपूर्ण कर्जा | २९ |
| | ५.७ | विपन्न वर्ग कर्जा | २९ |
| | ५.८ | पुनरकर्जा | ३० |
| | ५.९ | सेवा क्षेत्रको चुनौती र सम्भावना | ३१ |
| **परिच्छेद ६ :** | **पूर्वाधार क्षेत्र** | | ३२–३६ |
| | ६.१ | पूर्वाधार स्थिति | ३२ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३६ |
| **परिच्छेद ७ :** | **वाह्र्य क्षेत्र र रोजगारी** | | ३७–४१ |
| | ७.१ | वैदेशिक व्यापार | ३७ |
| | ७.२ | रोजगारी | ३९ |
| | ७.३ | बाह्र्य क्षेत्रका चुनौती र सम्भावना | ४१ |
| **परिच्छेद ८ :** | **संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** | | ४२–४५ |
| | ८.१ | कार्यक्रम तथा परियोजनाको कार्यान्वयन | ४२ |
| | ८.२ | अन्य कार्यक्रमको कार्यान्वयन | ४३ |
| **परिच्छेद ९ :** | **आर्थिक परिदृष्य** | | ४६ |

# सारांश

## अन्तर्राष्ट्रिय स्थिति

१. अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार सन् २०२० मा विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.३ प्रतिशतले ऋणात्मक रहेको छ।

२. जि ७ मा रहेका विकसित देशहरूको आर्थिक वृद्धि ऋणात्मक रह्यो भने बेरोजगारी दर उच्च रहन गयो। क्यानडाको बेरोजगारी दर ९.६ प्रतिशत र अमेरिकाको ८.१ प्रतिशतसम्म रहन गयो।

३. सन् २०२० मा भारतको आर्थिक वृद्धिदर ८ प्रतिशतले ऋणात्मक रह्यो भने चीनको आर्थिक वृद्धिदर २.३ प्रतिशत रहन गयो।

## कृषि

४. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन २.९ प्रतिशतले घटेको छ। यस्ता बालीले ढाकेको भू-क्षेत्र भने ०.५ प्रतिशतले बढेको छ।

५. तरकारी उत्पादनमा सामान्य वृद्धि भएको छ। फलफूल तथा मसलाको उत्पादनमा भने सामान्य गिरावट आएको छ।

६. पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन १.३ प्रतिशत र मासु उत्पादन ७.२ प्रतिशतले वृद्धि भएको छ भने अण्डा उत्पादन १.६ प्रतिशतले घटेको छ। वनजन्य उत्पादन अन्तर्गत औषधिजन्य वस्तुको उत्पादन ५.१ प्रतिशतले बढेको छ भने काठ उत्पादन ४.२ प्रतिशतले घटेको छ।

## उद्योग

७. समीक्षा अवधिमा उद्योगको क्षमता उपयोग औसतमा ५०.७ प्रतिशत रहेको छ।

८. २०७७ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ३३.१ प्रतिशत रहेको छ।

## सेवा

९. समीक्षा अवधिमा पर्यटक आगमन १३ हजार ६ सय ९ रहेको छ। कोभिड-१९ प्रभावका कारण पर्यटकस्तरीय होटल तथा लजको सङ्ख्या ९.० प्रतिशत र शैया सङ्ख्या ७.३ प्रतिशतले घटेको छ।

१०. घरजग्गा रजिष्ट्रेशन सङ्ख्या ११.२ प्रतिशत र रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व ११.७ प्रतिशतले बढेको छ। घर भवन स्थायी नक्सा पास सङ्ख्या भने १३.७ प्रतिशतले घटेको छ।

११. २०७७ असार मसान्तको तुलनामा पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप ९.३ प्रतिशतले र कर्जा प्रवाह १२.३ प्रतिशतले वृद्धि भएको छ। औसत कर्जा-निक्षेप अनुपात ८५.३ प्रतिशत रहेको छ।

१२. बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा बागमती प्रदेशको अंश ६८.० प्रतिशत र कुल कर्जामा यस प्रदेशको अंश ५६.९ प्रतिशत रहेको छ। निक्षेप र कर्जामा कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम क्रमशः १.० प्रतिशत र १.२ प्रतिशत रहेको छ।

१३. समीक्षा अवधिमा यातायात साधनको सङ्ख्या ६.२ प्रतिशतले वृद्धि भएको छ।

## पूर्वाधार

१४. विद्युत् जडित क्षमता १ हजार ४ सय ५८ मेगावाट पुगेको छ भने प्रतिव्यक्ति विद्युत् खपत २ सय ६० किलोवाट घण्टा पुगेको छ।

१५. नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवाको सङ्ख्या २७ रहेको छ। सबै मौसममा सञ्चालनमा रहने विमानस्थलको सङ्ख्या ३७ रहेको छ।

१६. आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म संघीय, प्रादेशिक र स्थानीय सरकारबाट कुल १ हजार ५ सय ९४ कि.मी सडक निर्माण भएको छ ।

१७. समिक्षा अवधिसम्ममा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाको ९० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाको ६२ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ ।

१८. काबेली करिडोर ट्रान्समिसन लाइन कार्य अन्तर्गत १३२ के.भी. प्रसारण लाइन आयोजनाको कार्य सम्पन्न भएको छ । कोशी करिडोरको २२० के. भी. प्रसारण लाइन अन्तर्गत ३२६ वटा टावरमध्ये ३२२ वटा टावर निर्माण सम्पन्न भएका छन् ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

मौद्रिक नीति तथा विदेशि विनिमय नीतिमार्फत मूल्य स्थायित्व, ह्वाह्य क्षेत्र स्थायित्व, समग्र वित्तीय क्षेत्र स्थायित्व तथा आर्थिक वृद्धिको लागि साधनको सुनिश्चित गर्नु नेपाल राष्ट्र बैंकको उद्देश्यहरू रहेका छन् । नेपाल राष्ट्र बैंकले देशको आर्थिक गतिविधि सम्बन्धी अध्ययन गरी सोही बमोजिम आर्थिक नीति निर्माण गर्दै आएको छ भने यस्ता अध्ययनबाट सरोकारवालाहरूलाई नीति निर्माण र आर्थिक निर्णयहरू गर्न सहयोग पुऱ्याउँदै आएको छ ।

नेपाल राष्ट्र बैंङ्कले वि.सं. २०२५ देखि उपत्यकाबाहिर रहेका शाखा तथा उपशाखा कार्यालयमा सम्वाददाता फाँटको व्यवस्था गरी आर्थिक गतिविधिसँग सम्बन्धित सूचना एवं तथ्याङ्क सङ्कलन गर्ने गरेको थियो । उक्त फाँटले स्थानीय आर्थिक गतिविधिको जानकारी तोकिएको ढाँचामा समय-समयमा अनुसन्धान विभागमा पठाउने गर्दथ्यो । वि.सं. २०३२ मा कार्य निर्देशिका जारी गरी सम्वाददाता फाँटलाई क्षेत्रीय अनुसन्धान केन्द्रमा परिणत गरियो । क्षेत्रीय अनुसन्धान केन्द्रबाट आर्थिक गतिविधि सम्बन्धी अध्ययन हुने गरेकोमा वि.सं. २०४९ देखि उपत्यकाबाहिरका कार्यालयमा बैंकिङ्ग विकास तथा अनुसन्धान ईकाइको व्यवस्था गरी क्षेत्रीयस्तरमा सोही ईकाइ तथा आर्थिक अनुसन्धान विभाग, आर्थिक विकास महाशाखामार्फत काठमाडौं उपत्यका एवम् आसपासका क्षेत्रका आर्थिक गतिविधिको अध्ययन कार्य नियमित रूपमा हुँदै आएको थियो ।

आर्थिक वर्ष २०६७/६८ देखि "नेपाल राष्ट्र बैङ्कका उपत्यकाबाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्य सम्बन्धी मार्गदर्शन, २०६७" अनुरूप देशका ४१ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरेको थियो । आर्थिक वर्ष २०७०/७१ देखि देशका ४७ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालियो । आर्थिक वर्ष २०७३/७४ देखि १० जिल्ला थप गरी ५७ जिल्लाको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको थियो ।

देश संघीय संरचनामा गए पश्चात आर्थिक गतिविधि अध्ययन प्रतिवेदनलाई संघीय संरचना अनुरूप प्रकाशन गर्ने उद्देश्यले अर्थिक वर्ष २०७६/७७ देखि देशका ७ वटै प्रदेशका ७७ जिल्लालाई समावेश गरी एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरू तयार गर्ने गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने र आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवं तथ्याङ्कको दायरा विस्तार गर्ने रहेको छ । साथै, विभिन्न आर्थिक क्षेत्रहरूको स्थिति र यसमा भइरहेका परिवर्तन विश्लेषण गर्ने समेत यस अध्ययनको उद्देश्य रहेको छ ।

## १.३ अध्ययन विधि

आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचना स्थलगत भ्रमण गरी सङ्कलन गरिएको छ । कृषि सम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवम् मातहतका निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट सङ्कलन गरिएको छ । उद्योगको तथ्याङ्क नमुना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण तथा विद्युतीय माध्यमबाट, बैंकिङ्ग तथ्याङ्क बैंक तथा वित्तीय संस्थाबाट सङ्कलन गरिएको छ ।

साथै, पर्यटनसँग सम्बन्धित तथ्याङ्क पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, होटल व्यवसायी संघबाट, घरजग्गा नक्सापास तथ्याङ्क नगरपालिकाबाट, पूर्वाधारसँग सम्बन्धित तथ्याङ्क आर्थिक पूर्वाधार कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयबाट सङ्कलन गरिएको छ । स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था एवं अन्य निजी/सार्वजनिक निकायबाट द्वितीयक तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क तथा सूचना सङ्कलनको लागि इमेल, फ्याक्स, वेवसाइट, EMAP तथा टेलिफोनलगायत विद्युतीय माध्यमको प्रयोग गरिएको छ । पूर्वाधार, संघीय आयोजना, परियोजना तथा कार्यक्रम लगायतका तथ्याङ्क आर्थिक सर्वेक्षणबाट समेत लिइएको छ ।

समीक्षा अवधि, गत अवधि र दुई वर्षअघिको तथ्याङ्क सङ्कलन गरी समीक्षा अवधि र गत अवधिको प्रतिशत परिवर्तनको आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ ।

## १.४ अध्ययनको सीमा

कोभिड-१९ का कारण तथ्याङ्क उपलब्ध गराउने कार्यालय तथा उद्योगहरू बन्द रहेकाले स्थलगत सर्वेक्षण गर्न सकिएको थिएन । प्रत्येक जिल्लाबाट तथ्याङ्क सङ्कलन गरी एकीकृत गरिएकाले कृषि उत्पादन, सिँचाई, पूर्वाधारलगायतका तथ्याङ्क देशको समग्र तथ्याङ्कसँग केही फरक पर्न गएका छन् । देश संघीय संरचनामा गएपश्चात् कृषि, पूर्वाधार लगायतका तथ्याङ्कलाई व्यवस्थित गर्ने कार्य जारी रहेकाले यस सम्बन्धी तथ्याङ्क पूर्ण रूपमा सङ्कलन गर्न कठिनाइ रहेको स्थिति छ । यसर्थ, तीनै तहका सरकारी कार्यालयहरूले तथ्याङ्क सङ्कलन र व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ । कतिपय निजी उद्योग तथा प्रतिष्ठानहरूले पनि तथ्याङ्क उपलव्ध गराउन हिच्किचाउने, समयमा नै उपलव्ध नगराउने र अपूर्ण तथ्याङ्क दिने गरेकोले यथार्थ आर्थिक स्थिति समयमा नै उजागर गर्न कठिनाइ हुने गरेको स्थिति छ ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

अध्ययनलाई ९ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा कृषि, उद्योग र सेवा क्षेत्रको अन्तरराष्ट्रिय स्थिति, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा, परिच्छेद ६ मा पूर्वाधार र परिच्छेद ७ मा बाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क प्रस्तुत गरिएको छ । यसैगरी, परिच्छेद ८ मा संघीय एवम् प्रादेशिक योजना तथा कार्यक्रम र परिच्छेद ९ मा आर्थिक परिदृष्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २
# अन्तर्राष्ट्रिय आर्थिक स्थिति

## २.१ विश्व आर्थिक स्थिति

सन् २०१९ को डिसेम्बरको अन्त्यतिर चीनको वुहानमा देखापरेको कोभिड-१९ को महामारी विश्वव्यापी रूपमा फैलिन गयो । आर्थिक वर्ष २०७७/७८ को प्रथम अर्ध-वार्षिक अवधिमा पनि विश्वका प्रायः सबै देशहरू कोभिड-१९ महामारीबाट प्रभावित रहे । कोभिड-१९ महामारीले विश्वव्यापी स्वास्थ्य सङ्कटका अतिरिक्त आर्थिक सङ्कटहरू निम्त्यायो । अधिकंश मुलुकहरूमा कोभिड-१९ संक्रमण रोक्न गरिएका बन्दाबन्दीजस्ता उपायहरूले गर्दा आर्थिक गतिविधिहरू नराम्रोसँग प्रभावित भए । फलतः आर्थिक वृद्धिदरमा ठूलो गिरावट आयो भने बेरोजगारी दरहरू बढे ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार सन् २०२० मा विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.३ प्रतिशतले ऋणात्मक रहन गयो । जि ७ अन्तर्गत रहेका विकसित देशहरूको आर्थिक वृद्धि ऋणात्मक रह्यो भने बेरोजगारी दर उच्च रहन गयो । क्यानडाको बेरोजगारी दर ९.६ प्रतिशत र अमेरिकाको बेरोजगारी दर ८.१ प्रतिशतसम्म रहन गयो ।

**तालिका २.१ : विश्वको आर्थिक वृद्धिदर र बेरोजगारीको स्थिति**

| मुलुक | आर्थिक वृद्धिदर | | बेरोजगारी दर | |
|---|---|---|---|---|
| | २०१९ | २०२० | २०१९ | २०२० |
| क्यानडा | १.९ | -५.४ | ५.७ | ९.६ |
| फ्रान्स | १.५ | -८.२ | ८.५ | ८.२ |
| जर्मनी | ०.६ | -४.९ | ३.२ | ४.२ |
| इटाली | ०.३ | -८.९ | ९.९ | ९.१ |
| जपान | ०.३ | -४.८ | २.४ | २.८ |
| बेलायत | १.४ | -९.९ | ३.८ | ४.५ |
| अमेरिका | २.२ | -३.५ | ३.७ | ८.१ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष*

सन् २०२० मा कोभिड १९ को कारण नेपालीको वैदेशिक रोजगार गन्तव्य मुलुकहरू समेत नराम्ररी प्रभावित हुन पुगे । नेपालीको प्रमुख श्रम गन्तव्य मुलुकहरू दक्षिण कोरिया, कतार, साउदी अरेबिया र मलेसिया लगायतका देशहरूको आर्थिक वृद्धिदर ऋणात्मक रहन गयो । यसर्थ, नेपालीको वैदेशिक रोजगारमा असर पर्न गयो ।

**तालिका २.२ : नेपालीहरूको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरूको आर्थिक वृद्धिदर ।**

| मुलुक | आर्थिक वृद्धिदर | |
|---|---|---|
| | २०१९ | २०२० |
| अफगानिस्तान | ३.९ | -५.० |
| बहराइन | २.० | -५.४ |
| जापान | ०.३ | -४.८ |
| कुवेत | ०.४ | -८.१ |
| मलेसिया | ४.३ | -५.६ |
| ओमान | -०.८ | -६.४ |

| | | |
|---|---|---|
| कतार | ०.८ | –२.६ |
| साउदी अरेबिया | ०.३ | –४.१ |
| दक्षिण कोरिया | २.० | –१.० |
| युएई | १.७ | –५.९ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष*

कोभिड-१९ का कारण नेपालका छिमेकी मुलुकहरूको आर्थिक गतिविधिहरू पनि अत्यधिक प्रभावित बन्न पुगे । पर्यटनमा निर्भर माल्दीभ्सको अर्थतन्त्र सन् २०२० मा ३२.२ प्रतिशतले खुम्चिन पुग्यो । सन् २०२० मा भारतको आर्थिक वृद्धिदर ८ प्रतिशतले ऋणात्मक रह्यो भने बङ्गलादेशको अर्थिक वृद्धिदर ३.८ प्रतिशत र चीनको २.३ प्रतिशतले धनात्मक रहन गयो ।

**तालिका २.३ : दक्षिण एसियाली देशहरूको आर्थिक वृद्धिदर र बेरोजगारीको स्थिति**

| मुलुक | आर्थिक वृद्धिदर | |
|---|---|---|
| | २०१९ | २०२० |
| अफगानिस्तान | ३.९ | –५.० |
| बङ्गलादेश | ८.२ | ३.८ |
| भुटान | ४.३ | –०.८ |
| भारत | ४.० | –८.० |
| माल्दीभ्स | ७.० | –३२.२ |
| नेपाल | ६.७ | –१.९ |
| पाकिस्तान | १.९ | –०.४ |
| श्रीलङ्का | २.३ | –३.६ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष*

विश्व बैंकको तथ्याङ्क अनुसार सन् २०१९ मा विश्वको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ४ प्रतिशत, उद्योग क्षेत्रको योगदान २८ प्रतिशत, उत्पादनमूलक उद्योगको योगदान १७ प्रतिशत तथा सेवा क्षेत्रको योगदान ६१.३ प्रतिशत रहेको छ ।

छमेकी मुलुक भारत र चीनको कुल गार्हस्थ्य उत्पादनको संरचनामा सेवा क्षेत्र र उद्योग क्षेत्रको योगदान बढी रहने गरेको छ । सन् २०२० मा भारतको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः १८.८ प्रतिशत, २६.९ प्रतिशत र ५४.३ प्रतिशत रहेको छ भने कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमश : ०.९ प्रतिशत, -९.२ प्रतिशत र -८.८ प्रतिशत रहेको छ । साथै, चीनको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ७.७ प्रतिशत, ३७.८ प्रतिशत र ५४.५ प्रतिशत रहेको छ भने कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ३.० प्रतिशत, २.६ प्रतिशत र २.१ प्रतिशत रहेको छ ।

**तालिका २.४ : नेपाल, भारत र चीनको क्षेत्रगत वृद्धिदर तथा हिस्सा (प्रतिशतमा)**

| क्षेत्र | भारत | | चीन | | नेपाल | |
|---|---|---|---|---|---|---|
| | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर |
| कृषि | १८.८ | ०.९ | ७.७ | ३.० | २६.२ | २.२ |
| उद्योग | २६.९ | -९.२ | ३७.८ | २.६ | १३.४ | -३.७ |
| सेवा | ५४.३ | -८.८ | ५४.५ | २.१ | ६०.४ | -४.० |
| कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर | -८.० | | २.३ | | ४.० | |

*स्रोत : आर्थिक सर्वेक्षण, भारत २०२०/२१*
*नेशनल ब्यूरो अफ स्ट्याटिस्टिक्स, चीन २०२१*
*केन्द्रीय तथ्याङ्क विभाग*

## २.२ मूल्य स्थिति

कोभिड-१९ को कारण मागमा आएको कमी तथा कच्चा तेलको मूल्यमा आएको गिरावटका कारण सन् २०२० मा अधिकांश अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०१९ को तुलनामा कम रहन गएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०१९ मा ३.५ प्रतिशत रहेको विश्व अर्थतन्त्रको मूल्य वृद्धिदर सन् २०२० मा ३.२ प्रतिशत रहन गयो ।

**तालिका २.५ : विश्वको मुद्रास्फीति**
**(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| अर्थतन्त्र | २०१९ | २०२० |
|---|---|---|
| विश्व अर्थतन्त्र | ३.५ | ३.२ |
| विकसित अर्थतन्त्र | १.४ | ०.७ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ५.१ | ५.१ |
| उदीयमान तथा विकासशील एसिया | ३.३ | ३.१ |
| उदीयमान तथा विकासशील युरोप | ६.६ | ५.४ |
| मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू | ७.६ | १०.६ |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | ८.४ | ११.७ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष*

सन् २०१९ को तुलनामा सन् २०२० मा माल्दीभ्सबाहेक अन्य दक्षिण एसियाली मुलुकहरूको उपभोक्ता मुद्रास्फीति बढ्न गएको छ । भारत र चीनको उपभोक्ता मुद्रास्फीति सन् २०१९ मा क्रमशः ४.८ प्रतिशत र २.९ प्रतिशत रहेकोमा सन् २०२० मा क्रमशः ६.२ प्रतिशत र २.४ प्रतिशत रहन गएको छ । बिगत दुई वर्षदेखि नेपालको मुद्रस्फीति भारतको भन्दा कम रहन गएको छ ।

**तालिका २.६ : दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| मुलुक | २०१९ | २०२० |
|---|---|---|
| बङ्गलादेश | ५.५ | ५.६ |
| भुटान | २.८ | ४.२ |
| भारत | ४.८ | ६.२ |
| माल्दीभ्स | १.३ | -१.६ |
| नेपाल | ४.६ | ६.१ |
| श्रीलङ्का | ४.३ | ४.६ |
| पाकिस्तान | ६.७ | १०.७ |
| अफगानिस्तान | २.३ | ५.६ |
| चीन | २.९ | २.४ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष*


अमेरिकन इनर्जी इन्फरमेसन एड्मिनिसट्रेसनका अनुसार सन् २०२० को जनवरीमा ६३.६५ अमेरिकी डलर प्रति ब्यारल रहेको कच्चा तेलको मूल्य सन् २०२१ को जनवरीमा अमेरिकी डलर ५४.७७ मा झरेको छ । कोभिड-१९ को कारण विश्व आर्थिक गतिविधिमा सङ्कुचन आउन गई तेलको मागमा कमी आएकाले यसको मूल्यमा गिरावट आउन गएको हो । हालका महिनाहरूमा तेलको मागमा वृद्धि हुँदै गएकोले कच्चा तेलको मूल्य बढ्दै गएको छ ।

# परिच्छेद ३
# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल ०.६ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.३ प्रतिशतले घटेको थियो ।

**खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ०.५ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.९ प्रतिशतले घटेको थियो । समग्र कृषि बालीको क्षेत्रफलमा धान बालीको क्षेत्रफल सबैभन्दा धेरै ३१.२ प्रतिशत रहेको छ ।




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरू*

**तरकारी :** समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल १.५ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ११.३ प्रतिशतले बढेको थियो ।

**फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ०.४ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीले ढाकेको क्षेत्रफल १.२ प्रतिशतले घटेको थियो ।

**प्रदेशगत स्थिति :** समीक्षा अवधिमा प्रदेश नं. १ र बागमती प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा सामान्य गिरावट आएको छ भने अन्य प्रदेशमा बढेको छ । तरकारी बालीले ढाकेको क्षेत्रफल प्रदेश नं. २, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने प्रदेश नं. १ र लुम्बिनी प्रदेशमा घटेको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल प्रदेश नं. २, गण्डकी र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने प्रदेश नं. १, बागमती, लुम्बिनी र कर्णाली प्रदेशमा घटेको छ । धान बालीले ढाकेको कुल क्षेत्रफलमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी २५.९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.७ प्रतिशत रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र**

| प्रदेश | क्षेत्रफल (हेक्टर) | | | प्रदेशगत हिस्सा(प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| प्रदेश नं. १ | ८,८४,५७२ | ४१,२२२ | ६०,८५८ | २०.९ | १६.७ | २४.६ |
| प्रदेश नं. २ | ८,३४,१३४ | ५८,८०५ | ४७,००६ | १९.७ | २३.९ | १९.० |
| बागमती प्रदेश | ५,३६,७८६ | ४१,१९४ | ३०,१६६ | १२.७ | १६.७ | १२.२ |
| गण्डकी प्रदेश | ४,२७,१७१ | २४,११६ | २५,१४१ | १०.१ | ९.८ | १०.२ |
| लुम्बिनी प्रदेश | ७,९८,००० | ५०,४७० | २७,०५९ | १८.८ | २०.५ | १०.९ |
| कर्णाली प्रदेश | २,७२,९३८ | १३,९०२ | १८,१३१ | ६.४ | ५.६ | ७.३ |
| सुदूरपश्चिम प्रदेश | ४,८२,२०६ | १६,५१८ | ३९,३३४ | ११.४ | ६.७ | १५.९ |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरू*


खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २०.९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.४ प्रतिशत रहेको छ । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी २३.९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.६ प्रतिशत रहेको छ । यसै गरी फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २४.६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ७.३ प्रतिशत रहेको छ ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी र फलफूल तथा मसला) को कुल उत्पादन २.२ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीको उत्पादन ३.३ प्रतिशतले बढेको थियो ।

**खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन २.९ प्रतिशतले घटेको छ । समग्र कृषि बालीको उत्पादनमा धान बालीको उत्पादन सबैभन्दा बढी २७.८ प्रतिशत रहेको छ ।

**चार्ट ३.२ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (मे.टनमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरू*

**तरकारी :** समीक्षा अवधिमा तरकारी उत्पादन ०.७ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा तरकारी उत्पादन १०.४ प्रतिशतले बढेको थियो।

**फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ०.५ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ४.५ प्रतिशतले घटेको थियो।

**प्रदेशगत स्थिति :** समीक्षा अवधिमा प्रदेश नं. २, बागमती र गण्डकी प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन बढेको छ भने प्रदेश नं. १, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा घटेको छ। तरकारी उत्पादन प्रदेश नं. २, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने प्रदेश नं. १ र कर्णाली प्रदेशमा घटेको छ। यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादन बागमती, गण्डकी, लुम्बिनी र सुदूर पश्चिम प्रदेशमा बढेको छ भने प्रदेश नं. १, प्रदेश नं. २ र कर्णाली प्रदेशमा घटेको छ। धान बालीको कुल उत्पादनमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी ३०.५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.९ प्रतिशत रहेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका २ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

**तालिका ३.२ : कृषि बालीको उत्पादन (मे.टन)**

| प्रदेश | उत्पादन (मेट्रिक टन) | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| प्रदेश नं. १ | ३१,२४,३२५ | ५,५२,७२६ | २,७१,६३२ | १९.८ | १७.१ | २२.१ |
| प्रदेश नं. २ | ३९,८४,८८७ | ८,१६,५०५ | १,७५,४९१ | २५.३ | २५.३ | १४.३ |
| बागमती प्रदेश | २१,४१,५५४ | ६,५३,५५० | १,९७,५६३ | १३.६ | २०.३ | १६.१ |
| गण्डकी प्रदेश | १२,७६,९२० | ३,१७,८३० | १,७२,३७५ | ८.१ | ९.९ | १४.० |
| लुम्बिनी प्रदेश | २८,२५,६७५ | ५,०५,२९९ | १,६४,२१५ | १७.९ | १५.७ | १३.४ |
| कर्णाली प्रदेश | ७,४३,८२१ | १,४६,३८२ | १,२०,९९६ | ४.७ | ४.५ | ९.९ |
| सुदूरपश्चिम प्रदेश | १६,८३,५२७ | २,३४,३३७ | १,२६,०५४ | १०.७ | ७.३ | १०.३ |
| **जम्मा** | **१,५७,८०,७१०** | **३२,२६,६२९** | **१२,२८,३२६** | १००.० | १००.० | १००.० |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञानकेन्द्रहरू*

खाद्य तथा अन्य बालीको उत्पादनमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी २५.३ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.७ प्रतिशत रहेको छ। तरकारी तथा बागवानी उत्पादनमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी २५.३ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.७ प्रतिशत रहेको छ। यसैगरी, फलफूल तथा मसला बालीको उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २२.१ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ९.९ प्रतिशत रहेको छ।

## ३.३ पशुपन्क्षी, माछा तथा वनजन्य उत्पादन

**पशुजन्य उत्पादन :** समीक्षा अवधिमा दूध उत्पादन १.३ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा दूध उत्पादन ०.९ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा मासु उत्पादन ७.२ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा मासु उत्पादन २.४ प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा अण्डा उत्पादन १.६ प्रतिशत र ऊन उत्पादन २०.३ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा अण्डा उत्पादन २१.९ प्रतिशते बढेको थियो भने ऊन उत्पादन १.९ प्रतिशतले घटेको थियो।

**माछा उत्पादन :** समीक्षा अवधिमा माछा उत्पादन ३.८ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा माछा उत्पादन २१.४ प्रतिशतले बढेको थियो ।

**वनजन्य उत्पादन :** समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ औषधिजन्य वस्तुको उत्पादन ५.१ प्रतिशतले बढेको छ भने काठ उत्पादन ४.२ प्रतिशत, दाउरा उत्पादन १२.५ प्रतिशत र अन्य उत्पादन ०.३ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा काठ उत्पादन ९.६ प्रतिशत, दाउरा ४२.७ प्रतिशत, औषधिजन्य वस्तुको उत्पादन २५.० प्रतिशत र अन्य उत्पादन २०.१ प्रतिशतले घटेको थियो । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ३ (समग्र तथा प्रदेशगत) मा दिइएको छ ।


**तालिका ३.३ : प्रमुख पशुपन्छीजन्य उत्पादन**

| प्रदेश | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछा (मे.टन) | दूध | मासु | अण्डा | माछा |
| प्रदेश नं. १ | ३,०७,४७७ | ५७,८९४ | १,२०,२८९ | ६,९८४ | १९.६ | १९.८ | १४.९ | १४.२ |
| प्रदेश नं. २ | २,६७,१२८ | ४६,४६९ | ५१,०९९ | १९,४३१ | १७.० | १५.९ | ६.३ | ३९.६ |
| बागमती प्रदेश | ३,०४,४५३ | ५१,२४२ | ३,४२,२९० | ४,६८९ | १९.४ | १७.५ | ४२.५ | ९.६ |
| गण्डकी प्रदेश | १,७३,८६८ | २९,७८९ | ७८,६१९ | १०,४७८ | ११.१ | १०.२ | ९.८ | २१.४ |
| लुम्बिनी प्रदेश | २,४६,५७५ | ५६,९०८ | ६७,६११ | ५,६२७ | १५.७ | १९.५ | ८.४ | ११.५ |
| कर्णाली प्रदेश | १,६५,७९५ | ३०,१९७ | ९६,६३० | ५८ | १०.६ | १०.३ | १२.० | ०.१ |
| सुदूरपश्चिम प्रदेश | १,०५,८११ | १९,५५० | ४८,९३८ | १,७८४ | ६.७ | ६.७ | ६.१ | ३.६ |
| **जम्मा** | **१५,७१,१०६** | **२,९२,०४८** | **८,०५,४७५** | **४९,०५१** | १००.० | १००.० | १००.० | १००.० |

स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू

प्रदेश नं. १ मा सबैभन्दा बढी १९.६ प्रतिशत दूध उत्पादन भएको छ भने सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम ६.७ प्रतिशत दूध उत्पादन भएको छ । मासु उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी १९.८ प्रतिशत र सुदूरपश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम ६.७ प्रतिशत रहेको छ । अण्डा उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४२.५ प्रतिशत र सुदूरपश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम ६.१ प्रतिशत रहेको छ । यसैगरी, माछा उत्पादनमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी ३९.६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ०.१ प्रतिशत रहेको छ ।

**चार्ट ३.३ : प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा**





*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू*

## ३.४ सिँचाइ

समीक्षा अवधिमा कुल सिञ्चित क्षेत्रफलमा १.० प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा कुल सिञ्चित क्षेत्रफल ०.८ प्रतिशतले बढेको थियो । कुल खेती गरिएको भू-भागमध्ये ५०.७ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । देशको कुल खेतीयोग्य क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २२.४ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.९ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ४ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ३.४ : सिँचाई क्षेत्रफलमा भएको विस्तार (हेक्टरमा)**




*स्रोत : ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालय, जलस्रोत तथा सिञ्चाई विकास डिभिजन कार्यालयहरू*

देशको कुल सिञ्चित क्षेत्रफलमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी २६.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.४ प्रतिशत रहेको छ (तालिका ३.४)।


**तालिका ३.४ : सिञ्चित क्षेत्रफलमा प्रदेशगत हिस्सा**

| **प्रदेश** | **क्षेत्रफल** (हेक्टरमा) | **हिस्सा** (प्रतिशतमा) |
|---|---|---|
| प्रदेश नं. १ | ३,६३,८०२ | २४.२ |
| प्रदेश नं. २ | ४,००,५५८ | २६.७ |
| बागमती प्रदेश | १,५३,३७९ | १०.२ |
| गण्डकी प्रदेश | २,१३,८६२ | १४.२ |
| लुम्बिनी प्रदेश | १,८८,२४० | १२.५ |
| कर्णाली प्रदेश | ५०,७२८ | ३.४ |
| सुदूरपश्चिम प्रदेश | १,३२,७९९ | ८.८ |

स्रोत : उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरू

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०७७ असार मसान्तको तुलनामा २०७७ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा २२.८ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ३९ अर्ब ६० करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ३५.४ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु.७५ अर्ब ३१ करोड कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा प्रवाह भएको छ भने सबैभन्दा कम सुर्ती बालीमा रु.१३ करोड ५८ लाख प्रवाह भएको छ। कृषि क्षेत्रमा प्रवाहित कर्जामा प्रदेश नं. १ को अंश १६.८ प्रतिशत, प्रदेश नं. २ को अंश १४.५ प्रतिशत, बागमती प्रदेशको अंश ३७.७ प्रतिशत, गण्डकी प्रदेशको अंश ९.१ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५.७ प्रतिशत, कर्णाली प्रदेशको अंश १.४ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ४.८ प्रतिशत रहेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ५ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

## ३.६ सहुलियतपूर्ण कृषि कर्जा

२०७७ पुस मसान्तसम्म सहुलितपूर्ण कर्जातर्फ ६० हजार ८ सय ७९ ऋणीलाई रु.१ खर्ब ३६ करोड ऋण प्रवाह भएको छ । सो अवधिमा प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये सबैभन्दा बढी व्यावसायिक कृषि तथा पशुपन्छी व्यवसायतर्फ ३३ हजार ८ सय १७ ऋणीलाई रु.७६ अर्ब ५९ करोड कर्जा प्रवाह भएको छ भने अन्य शीर्षक अन्तर्गत २७ हजार ६२ ऋणीको रु.२३ अर्ब ७७ करोड कर्जा बक्यौता रहेको छ ।

**तालिका ३.५ : सहुलियतपूर्ण कर्जाको विवरण**

| कर्जा प्रकार | ऋणी सङ्ख्या | | | बाँकी कर्जा (रु.दश लाखमा) | | |
|---|---|---|---|---|---|---|
| | २०७६ असार | २०७७ असार | २०७७ पुस | २०७६ असार | २०७७ असार | २०७७ पुस |
| व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा | १७,२०३ | २४,७६३ | ३३,८१७ | ३२,१८९.५ | ५४,११४.१ | ७६५९०.६ |
| शिक्षित युवा स्वरोजगार कर्जा | २४ | ६५ | १०३ | ११.५ | ३५.२ | ५१.३ |
| विदेशवाट फर्केका युवा परियोजना कर्जा | ४९ | २२१ | ५३९ | ३२.९ | १५१.७ | ४०२.० |
| महिला उद्यमशील कर्जा | ७९६ | ६६८२ | २५२९८ | ५१२.२ | ४,३५३.५ | २१,७८१.८ |
| दलित समुदाय व्यवसाय विकास कर्जा | ७० | ३५१ | ६३० | ३६.३ | १८५.३ | ३६५.१ |
| उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा | ६० | ८४ | ८७ | १४.५ | २०.० | ३४.३ |
| भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा | ९३ | २२१ | २४० | २४.६ | ५४.७ | ५६.८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कपडा उद्योग सञ्चालन | – | ६१ | १६४ | – | ६४८.५ | १,०८२.९ |
| प्राविधिक तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त सदस्यबाट लिइने तालिम | – | – | १ | – | – | ०.२ |
| युवा स्वोरोजगार कर्जा | – | – | | – | – | – |
| **जम्मा** | **१८,२९५** | **३२,४४८** | **६०,८७९** | **३२,८२१.५** | **५९,५६३.०** | **१००,३६५.१** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

सबै प्रदेशमा कृषि क्षेत्रमा विभिन्न प्रकारका चुनौतीहरू रहेका छन् । केही चुनौतीहरू समान प्रकृतिका छन् भने कतिपय चुनौतीहरू प्रदेशअनुसार फरक-फरक प्रकृतिका छन् । कृषि उपजको बजार तथा न्यूनतम मूल्य सुनिश्चित गर्नु, समयमा मल, बीऊ लगायत कृषि आगतको व्यवस्थापन गर्नु, वर्षैभरि भरपर्दो र दिगो सिँचाई सुविधा विस्तार गर्नु, शीत भण्डार, कृषि बजार, सडकजस्ता कृषि पूर्वाधार विस्तार गरी कृषि क्षेत्रको विकास गर्नु, बढ्दो सहरीकरणले बढ्दै गएको कृषि जमीन खण्डीकरण रोक्नु, कृषि क्षेत्रको थप आधुनिकीकरण, यान्त्रिकीकरण, तथा विविधीकरण गर्नु, कृषिमा अनुसन्धान, प्रविधि तथा प्राविधिकको प्रयोग गरी कृषिको उत्पादकत्व बढाई कृषि वस्तुमा आत्मनिर्भर बन्नु, निर्वाहमुखी कृषिलाई व्यावसायिक कृषिको रूपमा विकास र विस्तार गर्नु, बेरोजगार युवालाई कृषि क्षेत्रतर्फ आकर्षित गर्नु आदि कृषि क्षेत्रमा विद्यमान समान प्रकृतिका चुनौतीहरू हुन् । यी बाहेक प्रदेशगत रूपमा रहेको चुनौतीहरू देहायको तालिका ३.६ मा दिइएको छ :

**तालिका ३.६ : कृषि क्षेत्रको प्रदेशगत चुनौती**

| **प्रदेश** | **कृषि क्षेत्रका चुनौती** |
|---|---|
| प्रदेश नं. १ | • खुला सिमानाको कारण कृषिजन्य उपजहरूको अत्यधिक चोरी पैठारी हुने हुँदा उत्पादित कृषि उपजहरूको न्यूनतम समर्थन मूल्य तोक्ने र सोको कार्यान्वयन गर्ने ।<br>• तुलनात्मक लाभका आधारमा छनौट गरिएका क्षेत्र र बालीहरूमा एकीकृत रूपमा सघन कृषि कार्यक्रमहरू सञ्चालन गरी कृषिको व्यावसायिकीकरणमार्फत औद्योगिकीकरणको आधार खडा गर्नु । |
| प्रदेश नं. २ | • प्रदेश नं. २ धानको पकेट क्षेत्र रहेको र नेपाल सरकारले धानको ११६ प्रजातिका बीउ स्थानीय माटोको उर्वरताका दृष्टिले प्रभावकारी र परिणाममुखी हुने भनी सिफारिस गरेको भए तापनि भारतीय बजारबाट कमसल प्रकारका बीउको अनधिकृत आयात हुने गरेकोमा सो कार्यलाई दुरुत्साहन गरी माटोको उर्वर क्षमताको आधारमा बीउ बिजनको उपलब्धता कायम गर्नुका साथै यसको प्रयोगलाई अभिवृद्धि गर्नु ।<br>• प्रदेश २ मा धनुषा लगायतका जिल्लाहरू माछापालनका लागि सुपर जोनको रूपमा रहेकोमा यी क्षेत्रहरूमा उत्पादनशीलता बढाउनका लागि थप सहुलियतहरू उपलब्ध गराउनु । |
| बागमती प्रदेश | • अव्यवस्थित सहरीकरण र जमिनको खण्डीकरणलाई व्यवस्थित गर्नु । |

| | |
|---|---|
| गण्डकी प्रदेश | • खेतीयोग्य, समथर र उर्वर भूमि घडेरी तथा आवासीय प्रयोजनका लागि खण्डीकृत गर्ने प्रवृत्ति बढ्दै गएकोले उर्वर जमीन संरक्षण गर्नु । |
| लुम्बिनी प्रदेश | • सीमावर्ती क्षेत्रबाट खुला रूपले आयात हुने कृषि उत्पादनसँग यस क्षेत्रको कृषि उपजले प्रतिस्पर्धा गर्न नसकिरहेको र भारतबाट भित्रिने खाद्य पदार्थको प्रभावकारी क्वारेन्टाइन नहुने गरेको अवस्थामा आन्तरिक उत्पादनको प्रतिस्पर्धा कायम राख्नु । |
| कर्णाली प्रदेश | • प्रतिस्पर्धामक लाभ भएका कृषिजन्य वस्तुहरूको पहिचान गरी उक्त वस्तुहरूको व्यावसायिक खेतीतर्फ कृषकहरूलाई आकर्षित गरी समग्र कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि गराउनु । |
| सुदूरपश्चिम प्रदेश | • गैर-कृषि क्षेत्रको विकासको आधारको रूपमा रहेको कृषि क्षेत्रको विकासका पूर्वाधार (सिञ्चाई, सडक, बिजुली, सञ्चार, उद्योग तथा उन्नत प्रविधिहरू) मा पर्याप्त लगानी आकृष्ट गर्नु । |

### ३.७.२ सम्भावना

नेपालका सातै प्रदेशहरूमा कृषिका विभिन्न सम्भावनाहरू रहेका छन् । भौगोलिक र मौसमी विविधताले गर्दा विभिन्न प्रकारका कृषि वस्तुहरू उत्पादन गर्न सकिने सम्भावना रहेको छ । तुलनात्मक लाभका हिसाबले भौगोलिक विविधता अनुरूप कृषि उत्पादन गर्ने हो भने अन्तर-प्रदेश कृषि उपजको व्यापार बढाउन र प्रवर्द्धन गर्न सक्ने थुप्रै सम्भावना छन् । कोभिड-१९ का कारण वैदेशिक रोजगारीबाट नेपालीहरू फर्केका, गैर-कृषि क्षेत्रहरू महामारीका कारण प्रभावित भएका र युवाहरूको जनसङ्ख्यामा ठुलो हिस्सा रहेको सन्दर्भमा युवाहरूलाई व्यावसायिक ढङ्गबाट कृषिमा परिचालन गर्न सक्ने हो भने कृषि क्षेत्रको विकासको ठुलो सम्भावना रहेको छ ।

कृषिसँग सम्बन्धित शैक्षिक जनशक्ति बढ्दै गएको, प्रतिव्यक्ति आयमा सुधार हुँदै गएका कारण आन्तरिक माग बढेको, सञ्चार तथा यातायातका सन्जाल बढ्दै गएको, ग्रामीण क्षेत्र सहरीकृत हुँदै जान थालेको, विद्युत् आपूर्ति सहज भएको, प्रोत्साहनमूलक कार्यक्रमहरूका कारण कृषि क्षेत्रतर्फ शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको, वित्तीय पहुँच बढ्दै गएको, उच्च जैविक विविधता रहेको आदि जस्ता कारणहरूले गर्दा कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायिकीकरण गर्न सकिने जस्ता सम्भावना सबै प्रदेशमा रहेका छन् । यस बाहेक प्रदेशगत रूपमा रहेका सम्भावनाहरूलाई तालिका ३.७ मा दिइएको छ ।

**तालिका ३.७ : कृषि क्षेत्रको प्रदेशगत सम्भावना**

| प्रदेश | कृषि क्षेत्रका सम्भावना |
|---|---|
| प्रदेश नं. १ | • विश्व बजारमा अर्गानिक हरियो चिया (Green Tea) को माग अत्यधिक रहेको सन्दर्भमा हरियो चियाको नेपाली ब्राण्ड स्थापना गरी तेस्रो मुलुकमा निर्यात गर्न सकेमा चिया खेतीमा विस्तार भई व्यापार सन्तुलनमा टेवा पुग्ने ।<br>• कोदो, फापर तथा मकैको पिठो, जौ तथा मकैको सातु, बेसार, अलैची, गेडागुडीको दाल, घिउ, सिस्नोको धुलो, कफी, तरकारी, फलफूल, खसीबोका र लोकल कुखुराजस्ता अर्गानिक कृषिजन्य उपजको विराटनगर, धरान, बिर्तामोड |

| | |
|---|---|
| | जस्ता यस प्रदेशका घना जनसङ्ख्या भएका सहरी क्षेत्रमा अत्यधिक माग रहेकोले यस प्रदेशको मध्य पहाडी क्षेत्रलाई उक्त उपजहरूको हवको रूपमा विकास गर्न सकिने ।<br>• पहाडी जिल्लाहरूमा उत्पादन हुने किवी, नासपाती, आरुबखडा, आल्चा जस्ता फलफूलहरूबाट उत्पादन हुने वाइन, जाम, जुस र जेली उद्योग स्थापना गर्न सकिने ।<br>• सोलुखुम्बु र इलाममा किवी, धनकुटामा बेल र एभोकाडो, भोजपुरमा सुन्तला र कागती, संखुवासभामा रुद्राक्ष, सुनसरीमा ड्रागनफ्रुट, झापामा सुपाडी र प्राकृतिक रबर आदिजस्ता उच्च मूल्य भएका निर्यातयोग्य कृषि उपजको उत्पादन बढाउन सकिने ।<br>• यस प्रदेशको उच्च भू-भाग तथा हिमाली भेगमा प्रशस्त मात्रामा खर्क, चौर तथा चरन क्षेत्र भएकाले पशुपालन (चौरीपालन, भेडापालन, ब्राखापालन) तथा जडिबुटी (चिराइतो, पाँचऔंले, जटामसी, पाषाणभेद जस्ता) खेतीको प्रवर्द्धन गर्न सकिने ।<br>• यस प्रदेशमा रहेको काँकडभिट्टा र रानी नाकाबाट छिमेकी मुलुकहरू भारत, बङ्गलादेश तथा भुटानसम्मको दुरी नजिक रहेकोले उक्त देशबाट/मा हुने पैठारी तथा निकासीको ढुवानी लागतमा हुने कमीले लागत प्रतिष्पर्धी भई अन्तर्राष्ट्रिय व्यापार सहज हुने । |
| प्रदेश नं. २ | • प्रदेश २ मा धनुषा लगायतका जिल्लाहरू माछापालनका लागि सुपर जोनको रूपमा रहेकोमा यी क्षेत्रहरूमा थप सहुलियत बढाई उत्पादन बढाउन सकिने ।<br>• युवा वर्गलाई माछापालनतर्फ आकर्षित गरी मुलुकलाई माछामा आत्मनिर्भर तुल्याउनुका साथै माछा निर्यात गर्न सकिने ।<br>• यस प्रदेशमा उर्वर तथा समथर भूमि रहेकोले पशुपालन, माछापालन, तरकारी तथा फलफूल खेती, खाद्यान्न बालीको उत्पादन बढाई मुलुकको कुल गार्हस्थ उत्पादनमा योगदान दिन सकिने । |
| बागमती प्रदेश | • यस प्रदेशका धादिङ, भक्तपुर, काभ्रे तथा नुवाकोटलाई तरकारी पकेट क्षेत्रको रूपमा विकास गर्न सकिने ।<br>• यस प्रदेशमा संघीय राजधानी, बनेपा, धुलिखेलजस्ता उच्च जनसङ्ख्या भएका सहरहरू भएकोले तरकारी, फलफूल, माछा, मासु लगायत वस्तुको व्यावसायिक कृषि तथा बजारको सम्भावना रहेको । |
| गण्डकी प्रदेश | • मनाङ र मुस्ताङ जिल्लामा व्यावसायिक स्याउ खेती तथा अन्य पहाडी जिल्लाहरू कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा व्यावसायिक सुन्तला खेतीको उच्च सम्भावना रहेको ।<br>• प्रदेशमा रहेका ताल तलैया तथा नदी नालाहरूबाट कुलो/नहरमा आधारित आधुनिक सिँचाई सुविधा उपलव्ध गराउन सकिने पर्याप्त संभावना रहेको ।<br>• उच्च पहाडी क्षेत्रहरूमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दूध, छुर्पी र मासुको उत्पादनसमेत वृद्धि हुने देखिन्छ । अन्य जिल्लाहरूमा व्यावसायिक बाखापालन, गाई/भैंसीपालनको संभावना रहेको छ ।<br>• यस प्रदेश अन्तर्गत मनाङ र मुस्ताङबाहेकका पहाडी क्षेत्रको भू-बनोट सुगम |

| | |
|---|---|
| | प्रकृतिको भएको तथा सिँचाई सुविधा पुऱ्याउन सकिने समथर (बेंशी) जमीनहरू प्रशस्त मात्रामा रहेकोले व्यावसायिक तरकारी खेती तथा खाद्यान्न बालीको उत्पादनप्रवर्द्धन गर्न सकेमा व्यावसायिक कृषि तथा बजारको उच्च सम्भावना रहेको ।<br>● प्रदेशको पहाडी र उच्च हिमाली क्षेत्रमा जडिबुटीहरूको व्यावसायिक खेती गर्न सकिने उच्च सम्भावना रहेको । |
| लुम्बिनी प्रदेश | ● यस प्रदेशमा पहाडी तथा तराई भू-भागमा अधिकांश कृषि उपजको उत्पादनको लागि मौसमी विविधता रहेकोले अन्नबाली, फलफूल, तरकारी साथै जडिबुटी खेती गर्न उपयुक्त रहेको ।<br>● यस प्रदेशका सबै पालिकाहरू सडक यातायातको पहुँचमा रहेकाले कृषि उपजहरू सजिलै बजारसम्म पुऱ्याउन सकिने अवस्था रहेको । |
| कर्णाली प्रदेश | ● कर्णाली प्रदेश प्राङ्गारिक कृषिको लागि अति उपयुक्त क्षेत्र भएको हुँदा यसको विकास तथा प्रवर्द्धनका लागि अध्ययन, अनुसन्धान तथा सरोकारवाला निकायहरूसँग समन्वय गरी प्राङ्गारिक कृषिको विस्तार गर्न सकिने ।<br>● यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला नदीहरू, खहरे खोला, मूल पोखरीजस्ता पानीका ठुला-ठुला स्रोतहरू उपलब्ध भएकोले आधुनिक प्रविधिमार्फत सिँचाई सुविधाको विस्तार गर्न सकिने सम्भावना रहेको ।<br>● यस प्रदेशबाट भारत तथा अन्य वैदेशिक मुलुकहरूमा रोजगारीका लागि जाने सङ्ख्या उच्च रहेकोले त्यस्ता श्रमिकहरूलाई व्यावसायिक कृषि, उधमशीलताजस्ता क्षेत्रमा खपत गराउदै स्वदेशमै रोजगारी उपलब्ध गराउने सम्भावना रहेको । |
| सुदूरपश्चिम प्रदेश | ● जनसङ्ख्याको अनुपातमा कर्जा लगानी न्यून रहेकाले कर्जा परिचालन वृद्धि गरी आर्थिक गतिविधि बढाउन र रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने ।<br>● दार्चुला, बझाङ र बाजुरा जिल्लाका स्याउ उत्पादक किसानहरूको उत्पादित स्याउको बजारीकरण तथा लघु प्रशोधन केन्द्र स्थापनामार्फत स्याउ उत्पादनमा प्रोत्साहित किसानको आयआर्जन बढाउन सकिने ।<br>● यस प्रदेशमा पाइने उच्च मूल्यका जडिबुटीहरूको प्रशोधनका लागि सार्वजनिक निजी साझेदारी मोडेलमा जडिबुटी प्रशोधन केन्द्र स्थापनामार्फत राजस्व वृद्धि तथा जनताको जीवनस्तरमा सुधार ल्याउन सकिने ।<br>● यस प्रदेशमा रैथाने प्रजाती हाल लोपोन्मुख जोरायली बास्मतीको संरक्षण गरी उच्च मूल्यमा निर्यात गर्न सक्ने सम्भावना रहेको । |

# परिच्छेद ४
# उद्योग क्षेत्र

## ४.१ प्रदेश अनुसार उद्योगको विवरण

देशभर घरेलु, साना, मझौला र ठुला गरी ८ हजार ४ सय ६७ उद्योगहरू उद्योग विभागमा दर्ता रहेका छन । उद्योग विभागको तथ्याङ्क अनुसार बागमती प्रदेशमा सबैभन्दा बढी ५ हजार ६ सय ३१ उद्योग दर्ता भएका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम ३८ उद्योग दर्ता भएका छन् ।

**तालिका ४.१ : उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण**

| प्रदेश | उद्योगको सङ्ख्या | कुल पूँजी (रु अर्बमा) | कुल स्थिर पूँजी (रु अर्बमा) | चालु पूँजी (रु अर्बमा) | रोजगारी |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | ८१२ | ५२५.४ | ४९४.५ | ३१.० | ८२४७३ |
| प्रदेश नं. २ | ५७४ | १२४.६ | ९१.२ | ३३.९ | ५८८४८ |
| बागमती | ५६३१ | ८४१.६ | ७४२.२ | ९९.५ | ३७६९१२ |
| गण्डकी | ७९० | ४९४.० | ४६८.१ | २५.९ | ४७८५३ |
| लुम्बिनी | ५०० | १५५.३ | १२७.६ | २७.७ | ५१०४० |
| कर्णाली | ३८ | ११०.४ | १०८.६ | १.८ | २४०५ |
| सुदूरपश्चिम | १२२ | ३९.३ | ३५.९ | ३.४ | १०५०० |
| **जम्मा** | **८४६७** | **२२९०.६** | **२०६८.०** | **२२३.२** | **६३००३१** |

*स्रोत : उद्योग विभाग*

केन्द्रीय तथ्याङ्क विभागले गरेको आर्थिक गणना २०७५ अनुसार देशभर ९ लाख २३ हजार ३ सय ५६ प्रतिष्ठान सञ्चालनमा रहेका छन् । बागमती प्रदेशमा सबैभन्दा बढी २ लाख ८२ हजार ९ सय २० प्रतिष्ठान (३०.६ प्रतिशत) रहेका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम ४२ हजार ८ सय ७ प्रतिष्ठान (४.६ प्रतिशत) रहेका छन् ।

तालिका ४.२ : देशभर सञ्चालनमा रहेको औद्योगिक प्रतिष्ठानको विवरण

| **प्रदेश** | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| प्रदेश नं. १ | १,६८,५१८ | १८.३ |
| प्रदेश नं. २ | १,१७,६७० | १२.७ |
| बागमती | २,८२,९२० | ३०.६ |
| गण्डकी | १,००,६८४ | १०.९ |
| लुम्बिनी | १,४७,७८९ | १६.० |
| कर्णाली | ४२,८०७ | ४.६ |
| सुदुरपश्चिम | ६२,९६८ | ६.८ |
| **जम्मा** | **९,२३,३५६** | **१००** |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

## ४.२ उद्योगको क्षमता उपयोग र उत्पादन

समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका १५४ उद्योगको औसत क्षमता उपयोग ५०.७ प्रतिशत रहेको छ । सर्वेक्षणमा समेटिएका उद्योगमध्ये कंक्रिट उद्योगले सबैभन्दा बढी ८८.७ प्रतिशत क्षमता उपयोग गरेको देखिएको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ६ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

अध्ययनले समेटेका उद्योगमध्ये वनस्पती घ्यू तथा तेल, गहुँको पिठो, पशुदाना, बिस्कुट, चाउचाउ, प्रशोधित चिया, धागो, औषधी, साबुन, रङ, कंक्रिट, फलामको छड तथा पाता, जी.आई. तार, घरेलु धातुका सामान

आल्मुनियम र टायर तथा ट्यूवको क्षमता उपयोग बढेको छ भने चामल, चिनी, मदिरा, बियर, हल्का पेय पदार्थ, सिन्थेटिक कपडा, पश्मिना, गार्मेण्ट, प्रशोधित छाला, कागज, रोजिन, प्लाष्टिकका सामान, जी.आई. पाइप र बिजुलीका तार र केबुलको क्षमता उपयोग घटेको छ।


**तालिका ४.३ : प्रदेशगत क्षमता उपयोग (प्रतिशत)**

| प्रदेश | गत अवधिको क्षमता उपयोग | समीक्षा अवधिको क्षमता उपयोग |
|---|---|---|
| प्रदेश नं. १ | ४४.६३ | ५०.७९ |
| प्रदेश नं. २ | ३९.३८ | ४४.८५ |
| बागमती प्रदेश | ४०.१८ | ४८.९१ |
| गण्डकी प्रदेश | ५२.९४ | ६०.६७ |
| लुम्बिनी प्रदेश | ४३.५८ | ५०.६६ |
| सुदूरपश्चिम प्रदेश | ३९.१२ | ४८.०३ |
| **समग्र** | **४०.०** | **५०.७** |

*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरू*

गण्डकी प्रदेशका उद्योगहरूको क्षमता उपयोग सबैभन्दा बढी ६०.७ प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा सञ्चालित उद्योगहरूको क्षमता उपयोग सबैभन्दा कम ४८.० प्रतिशत रहेको छ (चार्ट ४.१)। कर्णाली प्रदेशका उघोगहरू नमूना छनौटमा नपरेको हुँदा यस अध्ययनमा समावेश भएको छैन। कोभिड-१९ को महामारीको बावजुद पनि उद्योगको क्षमता उपयोग गत वर्षको तुलनामा केही बढेको देखिन्छ। तर, समग्रमा उद्योगको क्षमता उपयोग कम नै रहेको छ।

**चार्ट ४.१ : प्रदेशगत क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरू*


प्रदेश नं. १ मा वनस्पति घ्यू तथा तेल, अन्य खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्ट लगायतको उत्पादन प्रमुख रहेको छ भने प्रदेश नं. २ मा कागज, चुरोट, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधि, फलामको छड तथा पत्ति; बागमती प्रदेशमा प्रशोधित दूध, पशुदाना, पश्मिना, तयारी पोसाक, औषधि ; गण्डकी प्रदेशमा बिस्कुट, चाउचाउ; लुम्बिनी प्रदेशमा तोरीको तेल, गहुँको पिठो, वियर, औषधि, सिमेन्ट तथा सुदूरपश्चिम प्रदेशमा गहुँको पिठो, चिरेको काठ, रोजिन लगायतका वस्तुको उत्पादन हुने गरेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ७ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा

२०७७ असार मसान्तको तुलनामा २०७७ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ७.३ प्रतिशतले वृद्धि भई रु.१२ खर्ब ८ अर्ब ८ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा २३.२ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३३.१ प्रतिशत रहेको छ ।

औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा ०.६ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योगमा १६.२ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ३३.५ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा ३०.६ प्रतिशत, विद्युत् ग्यास तथा पानी सम्बन्धी उद्योगमा १४.७ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ४.४ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**चार्ट : ४ औद्योगिक कर्जा लगानी स्थिति (प्रतिशतमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी रु.७ खर्ब ८२ अर्ब (६४.८ प्रतिशत) कर्जा लगानीमा रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम रु.६ अर्ब ६९ करोड कर्जा (०.६ प्रतिशत) लगानी रहेको छ (तालिका ४.४) ।


**तालिका ४.४ : प्रदेशगत औद्योगिक कर्जा**

| प्रदेश | रकम (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---:|---:|
| प्रदेश नं. १ | १२,८,४६८.०० | १०.६ |
| प्रदेश नं. २ | ९३,२८७.५६ | ७.७ |
| बागमती प्रदेश | ७,८२,९१६.७३ | ६४.८ |
| गण्डकी प्रदेश | ५८,५५३.७५ | ४.९ |
| लुम्बिनी प्रदेश | १,१४,२४३.९१ | ९.५ |
| कर्णाली प्रदेश | ६,६९५.२६ | ०.६ |
| सुदूरपश्चिम प्रदेश | २३,९२१.१३ | २.० |
| **जम्मा** | **१२,०८,०८६.३४** | **१००.०** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

औद्योगिक कर्जामा प्रदेश नं. १ मा प्रवाहित कर्जाको हिस्सा १०.६ प्रतिशत, प्रदेश नं. २ को ७.७ प्रतिशत, बागमती प्रदेशको ६४.८ प्रतिशत, गण्डकी प्रदेशको ४.८ प्रतिशत, लुम्बिनी प्रदेशको ९.५ प्रतिशत, कर्णाली प्रदेशको ०.६ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा प्रवाहित कर्जाको हिस्सा २.० प्रतिशत रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ८ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ४.३ : औद्योगिक कर्जामा प्रदेशगत हिस्सा (प्रतिशत)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

## ४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.४.१. चुनौती

कोभिड-१९ को महामारीबाट प्रभावित उद्योग क्षेत्रको पुनरुत्थान गर्नु, उद्योगको क्षमता उपयोग बढाई उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नु, औद्योगिक श्रम-सम्बन्धमा सुधार गर्दै लैजानु, नयाँ औद्योगिक क्षेत्र, करिडोर, विशेष आर्थिक क्षेत्र आदिको स्थापना गर्नु र भएका क्षेत्रहरूको प्रभावकारी व्यवस्थापन र सञ्चालन गरी उधोगहरूको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु, अर्ध-दक्ष तथा दक्ष जनशक्तिको पलायन रोकी उद्योग क्षेत्रमा दक्ष श्रमशक्तिको उपलब्धता सुनिश्चित गर्नु, उद्योग स्थापनाको लागतमा कमी ल्याउनु, औद्योगिक क्षेत्रहरूमा पूर्वाधार विकास गर्दै उद्योगहरू आकर्षित गर्नु, औद्योगिक कच्चा पदार्थको स्वदेशी उत्पादन बढाउनु, औद्योगिक आपूर्ति श्रृङ्खला प्रभावकारी बनाउनु, लगानीमैत्री वातावरण सिर्जना गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका निर्यातमूलक उद्योगमा प्रत्यक्ष विदेशी लगानी आकर्षण गर्नु आदि समीक्षा अवधिमा देखिएका प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

### ४.४.२. सम्भावना

लगानीमैत्री वातावरण सिर्जना हुने गरी नीतिगत, कानुनी तथा प्रक्रियागत सहजीकरण हुँदै जानु, सहुलियतपूर्ण ऊर्जा आपूर्तिमार्फत उद्योगहरूको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने अवस्था सिर्जना हुँदै जानु, औद्योगिक वस्तुको आन्तरिक माग उच्च हुनु, सरकारी एवं गैरसरकारी


निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेशमै उत्पादित सामग्रीलाई बढावा दिने व्यवस्थाको कारण स्वदेशी उत्पादनको प्रयोग बढ्ने र खानीजन्य उद्योग विस्तार हुन सक्ने सम्भावना रहेका छन् । यसैगरी, सिमेन्ट लगायतका उद्योग आत्मनिर्भरतातर्फ उन्मुख भएकाले यस्ता उत्पादनको आयात घट्दै गई आत्मनिर्भरताको अतिरिक्त निर्यात प्रवर्द्धन गर्न सकिने सम्भावना देखिन्छ । कोभिड-१९ का कारण सीमा नाकाहरूमा गरिएको कडाइले चोरी पैठारी रोकिन गएकाले स्वदेशी उत्पादनको माग बढेको अवस्थाले निरन्तरता पाएमा औद्योगिक उत्पादन बढ्ने सम्भावनासमेत रहेको छ ।

# परिच्छेद ५
# सेवा क्षेत्र

अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययनमा सेवा क्षेत्रभित्र पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट सम्बन्धी कारोबार, वित्तीय सेवा र यातायात सेवाहरू समेटिएको छ । कोभिड-१९ महामारीका कारण समग्र सेवा क्षेत्रमा नकारात्मक असर परेको छ । पर्यटन र सार्वजनिक यातायात क्षेत्र सबैभन्दा बढी प्रभावित भएको छ भने घरजग्गा, वित्तीय सेवा लगायतका क्षेत्रहरूमा तुलनात्मक रूपमा कोभिड-१९ को प्रभाव कम परेको छ ।

## ५.१ पर्यटन

कोभिड-१९ महामारीका कारण पर्यटक आगमन सङ्ख्या गत अवधिको तुलनामा ९७.८ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा पर्यटकको आगमन सङ्ख्या १३ हजार ६ सय ९ रहेको छ । पर्यटकस्तरीय होटल तथा लजको सङ्ख्या ९.० प्रतिशतले घटी २ हजार ५ सय १८ र शैया सङ्ख्या ७.३ प्रतिशतले घटी ७४ हजार ५ सय ८४ कायम भएको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ९ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।




*स्रोत : नेपाल पर्यटन बोर्ड*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या ११.२ प्रतिशतले बढेर ३ लाख ९१ हजार ६ सय ५५ पुगेको छ । गत वर्षको सोही अवधिमा सो सङ्ख्या ५.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व ११.७ प्रतिशतले बढेर रु.१५ अर्ब ९ करोड ९६ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व ३३.३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा घर/भवन नक्सा पास सङ्ख्या भने १३.७ प्रतिशतले घटेर २६ हजार ६ सय ५८ पुगेको छ । गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास सङ्ख्या २१.६ प्रतिशतले घटेको थियो । कोभिड-१९ को कारण निजी आवास निर्माणमा कमी आएको तथा पुनरनिर्माणको कार्यसमेत सकिँदै गएको कारण घर जग्गा नक्सा पास सङ्ख्यामा कमी आएको हो ।


**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| प्रदेश | घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | घर/भवन स्थायी नक्सा पास सङ्ख्या | घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) |
|---|---:|---:|---:|
| प्रदेश नं. १ | ७९,९५६ | ३,३४९ | १,६३२.९० |
| प्रदेश नं. २ | ९९,१५१ | १,८६० | १,४१२.५२ |
| बागमती प्रदेश | ८४,९५१ | १३,१९६ | ७,३१४.५१ |
| गण्डकी प्रदेश | २३,३२१ | २,२९५ | ९६४.६९ |
| लुम्बिनी प्रदेश | ७०,११२ | ४,०७८ | ३,०६३.०६ |
| कर्णाली प्रदेश | १५,७२० | ६९९ | २४०.२५ |
| सुदूरपश्चिम प्रदेश | १८,४४४ | १,१८१ | ४७१.६७ |
| **जम्मा** | **३,९१,६५५** | **२६,६५८** | **१५,०९९.६०** |

*स्रोत : भूमी व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरू*

समीक्षा अवधिमा प्रदेश नं. २ मा सबैभन्दा बढी ९९,१५१ र कर्णाली प्रदेशमा सबैभन्दा कम १५,७२० घरजग्गा किनबेच (रजिष्ट्रेसन सङ्ख्या) कारोबार भएको छ । यसैगरी, समीक्षा अवधिमा बागमती प्रदेशमा सबैभन्दा बढी १३,१९६ र कर्णाली प्रदेशमा सबैभन्दा कम ६९९ वटा घर/भवन स्थायी नक्सापास भएको छ । (तालिका ५.१)

**चार्ट ५.२ : घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा**





*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरू*

घर-जग्गा रजिष्ट्रेशन सङ्ख्या प्रदेश नं. २ मा सबैभन्दा बढी २५.३ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ४ प्रतिशत रहेको छ (चार्ट ५.२) । गण्डकी प्रदेशबाहेक सबै प्रदेशहरूमा घर-जग्गा रजिष्ट्रेशन सङ्ख्या

बढेको छ । त्यसैगरी, बागमती प्रदेशमा घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व घटेको छ भने अन्य प्रदेशमा यस्तो राजश्व बढेको छ । घर/भवन स्थायी नक्सापास सङ्ख्या कर्णाली र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने अन्य प्रदेशमा घटेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १० (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।


## ५.३ वित्तीय सेवा

२०७७ पुस मसान्तसम्म वाणिज्य बैंकका ४,६१३, विकास बैंकका १,०४८, वित्त कम्पनीका २५४ तथा लघुवित्त वित्तीय संस्थाका ४,२७२ गरी जम्मा १०,१८७ शाखा सञ्चालनमा रहेका छन् । यसमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी २,६४० तथा कर्णाली प्रदेशमा सबैभन्दा कम ३९९ शाखा सञ्चालनमा रहेका छन् । वित्तीय सेवा सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ११ मा प्रस्तुत गरिएको छ।





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

२०७७ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले सङ्कलन गरेको कुल निक्षेप २०७७ असार मसान्तको तुलनामा ९.३ प्रतिशतले वृद्धि भई रु.४२ खर्ब ८२ अर्ब ८५ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ९.५ प्रतिशतले वृद्धि भएको थियो।




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

२०७७ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०७७ पुस मसान्तमा १२.३ प्रतिशतले वृद्धि भई रु.३६ खर्ब ५४ अर्ब ६० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा १३.२ प्रतिशतले वृद्धि भएको थियो । २०७७ पुस मसान्तमा कर्जा निक्षेप अनुपात ८५.३ प्रतिशत रहेको छ । २०७७ असार मसान्तमा यस्तो अनुपात ८३.० प्रतिशत रहेको थियो । कर्जा निक्षेप अनुपात प्रदेश नं. २ मा सबैभन्दा बढी १४१.६ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम ७१.५ प्रतिशत रहेको छ (चार्ट ५.५) ।




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

२०७७ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६८.० प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.० प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहमा बागमती प्रदेशमा गरिएको कर्जा प्रवाहको अंश सबैभन्दा धेरै

५६.९ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.२ प्रतिशत रहेको छ । निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १२ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## ५.४ सेवा क्षेत्र कर्जा

२०७७ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७७ असार मसान्तको तुलनामा १२.८ प्रतिशतले वृद्धि भई रु.१४ खर्ब ५२ अर्ब ७२ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा २५.९ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३९.८ प्रतिशत रहेको छ ।


सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये थोक तथा खुद्रा विक्रेता उपक्षेत्रमा सबैभन्दा बढी ५०.१ प्रतिशत कर्जा प्रवाह भएको छ भने वित्त, बीमा तथा अचल सम्पत्ति उपक्षेत्रमा २०.६ प्रतिशत, पर्यटन उपक्षेत्रमा ११.० प्रतिशत, यातायात, भण्डारण र सञ्चार उपक्षेत्रमा ६.६ प्रतिशत र अन्य सेवा उपक्षेत्रमा ११.७ प्रतिशत कर्जा प्रवाह भएको छ । सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये बागमती प्रदेशमा प्रवाहित कर्जाको हिस्सा सबैभन्दा बढी ५६.५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम १.४ प्रतिशत रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ८ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ : प्रदेशगत सेवा क्षेत्र कर्जा**

| प्रदेश | रकम (रु दश लाखमा) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| प्रदेश नं. १ | १,५६,११४.०० | १०.७ |
| प्रदेश नं. २ | १,२२,३८२.९१ | ८.४ |
| बागमती प्रदेश | ८,२१,३९४.८७ | ५६.५ |
| गण्डकी प्रदेश | १,०७,३१९.३० | ७.४ |
| लुम्बिनी प्रदेश | १,७४,८८९.५३ | १२.० |
| कर्णाली प्रदेश | २०,५६४.०२ | १.४ |
| सुदूरपश्चिम प्रदेश | ५०,०६१.६९ | ३.४ |
| **जम्मा** | **१४,५२,७२६.३२** | **१००.००** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

बाग्मती प्रदेशमा सबैभन्दा बढी ५६.५ प्रतिशत सेवा क्षेत्रमा कर्जा प्रवाह भएको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम १.४ प्रतिशत सेवा क्षेत्रमा कर्जा प्रवाह भएको छ ।(तालिका ५.२, चार्ट ५.६)




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

## ५.५ यातायात

समीक्षा अवधिमा अध्ययन क्षेत्रमा दर्ता भएका कुल सवारी साधनको सङ्ख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६.२ प्रतिशतले वृद्धि भई ४२ लाख ३० हजार ३४ पुगेको छ । यसमध्ये मोटरसाइकल सङ्ख्या ७.१ प्रतिशत तथा अन्य सवारी साधन ३.१ प्रतिशतले वृद्धि भएको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १९ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

प्रदेशगत रूपमा तुलना गर्दा २०७७ पुस मसान्तसम्ममा बागमती प्रदेशमा सबैभन्दा बढी १४ लाख ६४ हजार ८ सय ३१ सवारी दर्ता भएका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम ५ हजार ४ सय २७ सवारी दर्ता भएका छन् । (तालिका ५.३)

**तालिका ५.३ : सवारी साधन दर्ताको प्रदेशगत विवरण**


| प्रदेश | यातायातका साधनको कुल सङ्ख्या | हिस्सा (प्रतिशत) |
|---|---|---|
| प्रदेश नं. १ | ६,५२,१८६ | १५.४ |
| प्रदेश नं. २ | १०,२८,८४३ | २४.३ |
| बागमती प्रदेश | १४,६४,८३१ | ३४.६ |
| गण्डकी प्रदेश | ११,६०७ | ०.३ |
| लुम्बिनी प्रदेश | ९,३०,६७८ | २२.० |
| कर्णाली प्रदेश | ५,४२७ | ०.१ |
| सुदूरपश्चिम प्रदेश | १,३६,४६२ | ३.२ |
| **जम्मा** | **४२,३०,०३४** | **१००.०** |

*स्रोत : यातायात व्यवस्था कार्यालयहरू*

## ५.६ सहुलियतपूर्ण कर्जा

२०७७ पुस मसान्तसम्ममा ६० हजार ८ सय ७९ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.१०० अर्ब ३७ करोड बक्यौता रहेको छ । कुल सहुलियतपूर्ण कर्जामा प्रदेश नं. १ को अंश १६.९ प्रतिशत, प्रदेश नं. २ को अंश ८.६ प्रतिशत, बागमती प्रदेशको अंश ३८.९ प्रतिशत, गण्डकी प्रदेशको अंश १४.२ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५.४ प्रतिशत, कर्णाली प्रदेशको अंश १.२ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ४.८ प्रतिशत रहेको छ । (चार्ट ५.७)

चार्ट ५.७: प्रदेशगत सहुतिलयतपूर्ण कर्जाको हिस्सा





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

## ५.७ विपन्न वर्ग कर्जा

२०७७ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित विपन्न वर्ग कर्जा २०७७ असार मसान्तको तुलनामा २३.७ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ३८ अर्ब २६ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ३२.९ प्रतिशतले वृद्धि भएको थियो । कुल विपन्न वर्ग कर्जामा प्रदेश नं. १ मा प्रवाहित कर्जाको अंश १३.९ प्रतिशत, प्रदेश नं. २ को अंश ७.७ प्रतिशत, बागमती प्रदेशको अंश ५०.७ प्रतिशत, गण्डकी प्रदेशको अंश १०.० प्रतिशत, लुम्बिनी प्रदेशको अंश ११.१ प्रतिशत, कर्णाली प्रदेकशको अंश २.७ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ३.९ प्रतिशत रहेको छ ।। (चार्ट ५.८)

चार्ट ५.८ : प्रदेशगत विपन्न कर्जाको हिस्सा (प्रतिशतमा)





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

## ५.८ पुनरकर्जा

२०७७ पुसमसान्तमा यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जा रु.६९ अर्ब ९६ करोड लगानीमा रहेको छ । कुल पुनरकर्जा उपयोगमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५८.९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा १.७ प्रतिशत पुनरकर्जा प्रवाह भएको छ । (चार्ट ५.९)

चार्ट ५.९ : प्रदेशगत पुनरकर्जाको हिस्सा (प्रतिशतमा)




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

## ५.९ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.९.१ चुनौती

कोभिड-१९ महामारीबाट पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित भएको हुँदा यस क्षेत्रलाई पुनरुत्थान गर्नु प्रमुख चुनौती रहेको छ । यसका साथै सार्वजनिक यातायात र मनोरञ्जनका क्षेत्रहरू पनि कोभिड-१९ बाट प्रभावित भएका छन् । यसको पुनरुत्थान गरी रोजगारी संरक्षण गर्नु चुनौतीपूर्ण रहेको छ । यसैगरी, गुणस्तरीय र भरपर्दो यातायात सेवाको विकास गर्नु, वित्तीय पहुँच विस्तार तथा वित्तीय साधनको सन्तुलित वितरण गर्नु, तुलनात्मक रूपमा बढी उत्पादनशील र रोजगारी सिर्जना हुने क्षेत्रमा वित्तीय स्रोत प्रवाह गर्नु चुनौती रहेका छन् ।

### ५.९.२ सम्भावना

वित्तीय पहुँच विस्तार भई निक्षेप तथा कर्जा प्रवाह वृद्धि हुँदै गएकोले उत्पादनमूलक कार्यको लागि कर्जा उपलब्धता बढ्दै गएको, गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्नपश्चात् हवाई सेवामार्फत अन्तर्राष्ट्रिय जगतसँग सम्पर्क थप हुने भएकाले पर्यटन प्रवर्द्धन हुने, नेपालको पर्यटकीय क्षेत्रमा आकर्षण यथावत् रहेकोले कोभिड-१९ को प्रकोपको अन्त्यसँगै यो क्षेत्र पुनःजागृत हुन सक्ने सम्भावना रहेको छ ।

# परिच्छेद ६
# पूर्वाधार क्षेत्र

## ६.१ पूर्वाधार स्थिति

पूर्वाधार स्थिति अन्तर्गत समीक्षा अवधिमा प्रमुख पूर्वाधारको अवस्था र यससँग सम्बन्धित आयोजनाहरूको प्रगति स्थितिबारे विश्लेषण गरिएको छ ।

### सडक

२०७७ फागुनसम्ममा संघीय सरकारबाट मुलुकभर रणनीतिक र स्थानीय सडक सञ्जाल गरी कालोपत्रे सडक १५ हजार ९ सय ७४ किलोमिटर, ग्राभेल ८ हजार ५ सय ८२ किलोमिटर र कच्ची सडक ८ हजार ९ सय ७२ किलोमिटर गरी कुलमा ३३ हजार ५ सय २८ किलोमिटर सडक निर्माण भएको छ । आर्थिक वर्ष २०७७/७८ को आठ महिनामा संघीय सरकारबाट २८४ किलोमिटर कच्ची, ५०४ किलोमिटर ग्राभेल र ५५० किलोमिटर कालोपत्रे गरी १ हजार ३ सय ३८ किलोमिटर सडक निर्माण भएको छ ।

२०७७ फागुनसम्ममा प्रदेशिक तथा स्थानीय स्तरबाट कच्ची, ग्राभेल र कालोपत्रे गरी जम्मा ६३ हजार ५ सय ७७ किलोमिटर सडक निर्माण भएको छ । निर्माण भएका सडकमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी २४.७ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ५.१ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७७/७८ को प्रथम ६ महिनासम्ममा पुष्पलाल मध्यपहाडी लोकमार्ग १८७९ मध्ये ९१४ कि.मी. सडक कालोपत्रेमा स्तरोन्नति भएको छ । उक्त लोकमार्गको कुल १२९ पुलमध्ये ८४ पुलको निर्माण सम्पन्न भएको छ । हुलाकी राजमार्ग आयोजनाको १७९२ कि.मी. मध्ये ५१२ कि.मी. सडक कालोपत्रे र २१९ पुल मध्ये ९५ पुलको निर्माण सम्पन्न भएको छ । गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेसी-रसुवागढी सडक आयोजनाको ८२ कि.मि. मध्ये २१ कि.मि. कालोपत्रे भएको छ ।

### विमानस्थल

नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवाको सङ्ख्या २७ रहेको छ । सबै मौसममा सञ्चालनमा रहने विमानस्थलको सङ्ख्या ३७ रहेको छ । एक आन्तरिक र तीन अन्तर्राष्ट्रिय विमानस्थल निर्माणाधीन अवस्थामा रहेका छन् ।

समीक्षा अवधिसम्ममा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाको ९० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाको ६२ प्रतिशत निर्माणकार्य सम्पन्न भएको छ ।

### सुरुङ्गमार्ग

काठमाण्डौको थानकोट दहचोकदेखि-सिस्नेखोलासम्म २.५ किलोमिटरको लम्बाई भएको सुरुङमार्ग निर्माणको क्रममा रहेको छ । हाल उक्त सुरुङमार्ग खन्ने कामले गति लिएको छ । यस सुरुङमार्गको १८ प्रतिशत काम सम्मन्न भएको छ ।

### रेलमार्ग

समीक्षा अवधिमा जयनगर/जनकपुर-बर्दिवास ७० कि.मि रेलमार्ग मध्ये आर्थिक वर्ष २०७६/७७ को फागुनसम्ममा ५६ किलोमिटर रेलमार्गको निर्माण सम्पन्न भएको छ ।

## जलविद्युत्

समीक्षा अवधिमा आन्तरिक विद्युत् जडित क्षमता १ हजार ४ सय ०१ मेगावाटबाट १ हजार ४ सय ५८ मेगावाट पुगेको छ भने प्रतिव्यक्ति विद्युत् खपत २ सय ६० किलोवाट घण्टा पुगेको छ । ९३ प्रतिशत जनसङ्ख्यामा विद्युत् पहुँच पुगेको छ। प्रतिव्यक्ति विद्युत् खपत २६० युनिट पुगेको छ। छिमेकी मुलुकहरूमा प्रतिव्यक्ति विद्युत् खपत उच्च रहेकोले नेपालले समेत उद्योग, पूर्वाधार तथा घरयासी प्रयोगमा विद्युत् खपत बढाई प्रतिव्यक्ति विद्युत् खपत बढाउनु पर्ने आवश्यकता रहेको छ।

आर्थिक वर्ष २०७७/७८ को प्रथम ६ महिनासम्ममा माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको हेडवर्क्सका सबै संरचना निर्माण सम्पन्न भई रिजर्भवायरको परीक्षण सम्पन्न भएको छ। ४७ कि.मि. लामो २२० के.भि. प्रसारण लाइन निर्माण कार्य सम्पन्न भएको छ । अरुण तेस्रो जलविद्युत् परियोजनाको (९०० मेगावाट) भौतिक प्रगति ४० प्रतिशत र वित्तीय प्रगति २६.७ प्रतिशत रहेको छ।

## प्रसारण लाइन

आर्थिक वर्ष २०७६/७७ सम्ममा ६६ के.भि. क्षमताको ५१४ किलोमिटर, १३२ के.भि. क्षमताको ३,१४३ किलोमिटर र २२० के.भि. क्षमताको २५५ किलोमिटर गरी ३,९९० किलोमिटर प्रसारण लाइन निर्माण भएको छ।

**तालिका ६.१ : प्रसारण लाइनको विवरण**

| क्र.सं | आर्थिक वर्ष | सर्किट (कि.मि.) | | | | जम्मा | थप प्रसारण लाइन |
|---|---|---|---|---|---|---|---|
| | | ६६ के.भि. | १३२ के.भि. | २२० के.भि | ४०० के.भि | | |
| १ | २०७१/०७२ | ४९४ | २१३० | – | – | २६२४ | |
| २ | २०७२/०७३ | ४९४ | २४१७ | – | – | २९११ | २८७ |
| ३ | २०७३/०७४ | ४९४ | २५९६ | ७५ | ७८ | ३२४३ | ३३२ |
| ४ | २०७४/०७५ | ५१४ | २७१७ | ७५ | ७८ | ३३८४ | १४१ |
| ५ | २०७५/०७६ | ५१४ | ३१४३ | २५५ | ७८ | ३९८९.५० | ६०६ |
| ६ | २०७६/७७ | ५१४ | ३१४३ | २५५ | ७८ | ३९९० | ०.०० |

*स्रोत : नेपाल विद्युत् प्राधिकरण*

काबेली करिडोर ट्रान्समिसन लाइन निर्माण कार्य अन्तर्गत १३२ के.भी. प्रसारण लाइन आयोजनाको कार्य सम्पन्न भएको छ। कोशी करिडोरको **२२०** के. भी. प्रसारण लाइन अन्तर्गत ३२६ वटा टावरमध्ये ३२२ वटा टावर निर्माण सम्पन्न भएका छन्।

सोलु करिडोर अन्तर्गत पर्ने १३२ के.भी. प्रसारण लाइन आयोजनाको कार्यसम्पादन अन्तिम चरणमा रहेको छ । यसको भौतिक प्रगति ९८.१ प्रतिशत एवम् वित्तीय प्रगति ८२ प्रतिशत र ३०२ वटा टावरमध्ये २९२ वटा टावर निर्माण सम्पन्न भएको छ । त्यस्तै, ९० कि.मी. ट्रान्समिसन लाइनमध्ये ७० कि.मी. लाइन निर्माण सम्पन्न भएको छ।

## सिँचाई

२०७७ पुष महिनासम्ममा सिक्टा सिँचाई आयोजनाको बाँध निर्माण, पश्चिम मूल नहर ४५ कि.मि., पूर्वी मूल नहरको ५० प्रतिशत कार्य सम्पन्न भई करिब ७ हजार हेक्टर जमिनमा सिँचाई सुविधा उपलब्ध भएको

छ । रानी जमरा कुलरिया सिँचाई आयोजनाको इनटेक, मूल नहर, फिडर नहर, सिटलिङ वेशिन र पावर हाउसको करिब ९० प्रतिशत कार्य सम्पन्न भएको छ । भेरी बबई डाइभर्सन बहु-उद्देश्यीय आयोजनाको सुरुङ निर्माण भई प्रयोगशाला तथा क्रसर ब्याचिङ्ग प्लान्ट स्थापना भएको छ ।

## राष्ट्रिय गौरवका आयोजनाहरू

तालिका ६.२ ले समीक्षा आवधिमा राष्ट्रिय गौरवका आयोजनाहरूको स्थिति प्रस्तुत गरेको छ । राष्ट्रिय गौरवका केही आयोजनाहरू लामो समयसम्म सम्पन्न हुन नसकेको अवस्था छ । समीक्षा अवधिमा पनि धेरै जसो राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति पनि सन्तोषजनक रहेको छैन ।

**तालिका ६.२ :- राष्ट्रिय गौरवका आयोजनाको विवरण**

| क्र.सं. | आयोजनाको नाम | अवस्थिति | सुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | लागत रु. (संशोधित) | २०७७ पुससम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | सिक्टा सिँचाई आयोजना | लुम्बिनी प्रदेश | २०५९/६० | ४२,७६६ हेक्टर | २०८४/८५ | २५ अर्ब २ करोड | २२.४४ |
| २. | बबई सिँचाई आयोजना | लुम्बिनी प्रदेश | २०४५/४६ | ३६,००० हेक्टर | २०७९/८० | १८ अर्ब | १८.६५ |
| ३. | रानी जमरा कुलरिया आयोजना | सुदूरपश्चिम प्रदेश | २०६८/६९ | ३८,३०० हेक्टर | २०८०/८१ | २७ अर्ब ७० करोड | ३४.४१ |
| ४. | सुनकोशी मरिन डाइभर्सन आयोजना | बागमती प्रदेश र प्रदेश नं. २ | २०७३/७४ | १२२,००० हेक्टर, २८.६ मेगावाट | २०८०/८१ | ४६ अर्ब १९ करोड | २.०७ |
| ५. | महाकाली सिँचाई आयोजना | सुदूरपश्चिम प्रदेश | २०६३/६४ | ३३,५२० हेक्टर | २०८०/८१ | ३५ अर्ब | ६१.४९ |
| ६. | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | कर्णाली प्रदेश, लुम्बिनी प्रदेश | २०६८/६९ | ५१,००० हेक्टर, ४६.८ मेगावाट | २०७९/८० | ३३ अर्ब १९ करोड | ९.२७ |
| ७. | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | बागमती प्रदेश | २०६७/६८ | ४५६ मेगावाट | २०७७/७८ | ५२ अर्ब ८ करोड | २१२.००* |
| ८. | बुढी गण्डकी जलविद्युत् आयोजना | गण्डकी प्रदेश | २०६९/७० | १२०० मेगावाट | २०८३/८४ | २ खर्ब ६० अर्ब | १३.५५ |
| ९. | विद्युत् प्रशारण आयोजना | बागमती प्रदेश, लुम्बिनी प्रदेश | तयारी चरणमा रहेको | ४०० के.भि. २८९ कि.मि. आन्तरिक २३ कि.मि. अन्तरदेशीय | | अमेरिकी डलर ५२ करोड | ७.१६ |
| १०. | पश्चिम सेती जलविद्युत् | सुदूरपश्चिम प्रदेश | | १२०० मेगावाट | | | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आयोजना | | | | | | |
| ११. | गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल | लुम्बिनी प्रदेश | २०७२/७३ | ३०००×६० एकल धावन मार्ग | २०७७/७८ | ६ अर्ब ८२ करोड | ६३.०७ |
| १२. | पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल | गण्डकी प्रदेश | २०६८ | २५००×४५ एकल धावन मार्ग | २०७९/८० | २२ अर्ब | ४७.०७ |
| १३. | निजगढ अन्तराष्ट्रिय विमानस्थल | प्रदेश नं २ | २०७१/७२ | ३६००×४५ एकल धावन मार्ग | २०८५/८६ | १ खर्ब २० अर्ब | १०.०० |
| १४. | रेल्वे तथा मेट्रो विकास आयोजना | प्रदेश नं २ | २०६५/६६ | ७० कि.मि./ १३१७.४ कि.मि. | | ७० अर्ब ६१ करोड | २०.१५ |
| १५. | हुलाकी राजमार्ग | प्रदेश नं १, प्रदेश नं २, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेश | २०६६/६७ | १७९२.४२ कि.मि. | २०७९/८० | ६५ अर्ब २० करोड | ४७.६६ |
| १६. | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | प्रदेश नं १, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश | २०६४/६५ | १८७९ कि.मि. | २०७९/८० | १ खर्ब १ अर्ब ५० करोड | २१.३७ |
| १७. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | प्रदेश नं १ | २०६५/६६ | १६२ कि.मि. | २०८०/८१ | १६ अर्ब २० करोड | ८.६५ |
| १८. | उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग | गण्डकी प्रदेश | २०६६/६७ | ४३१ कि.मि. | २०८०/८१ | २७ अर्ब | ४.१२ |
| १९. | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | कर्णाली प्रदेश, लुम्बिनी प्रदेश | २०६४/६५ | २८४ कि.मि./ १४५ कि.मि. | २०७९/८० | ४ अर्ब १० करोड | ६.५२ |
| २०. | काठमाडौं तराई-मधेस द्रुत मार्ग | प्रदेश नं २, बागमती प्रदेश | २०७४/७५ | ७२.५ कि.मि. | २०८०/८१ | २ खर्ब १३ अर्ब ९५ करोड | १३.८४ |
| २१. | मेलम्ची खानेपानी आयोजना | बागमती प्रदेश | २०५५ | ५१ करोड लिटर | २०७७/७८ (प्रथम चरण) | ३१ अर्ब ३६ करोड | १०.६५ |
| २२. | पशुपती क्षेत्र विकास कोष | बागमती प्रदेश | २०५७/५८ | २८६.६ हेक्टर | २०७८/७९ | १ अर्ब २७ करोड | १५.०० |
| २३. | लुम्बिनी क्षेत्र विकास कोष | लुम्बिनी प्रदेश | सन् १९७८ | ११५५ विगाह | २०७८/७९ | ७ अर्ब ५० करोड | ५५.३८ |
| २४. | राष्ट्रपति चुरे | प्रदेश नं १, | २०७१/ | तराई | २०९३/९ | १० अर्ब | ९.६२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संरक्षण कार्यक्रम | प्रदेश नं २, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश | ७२ | मधेशका ३७ जिल्ला | ४ | २२ करोड | |
| * आयोजनाको लागि रु.१ अर्ब विनियोजन गरिएकोमा अन्य वित्तीय संस्थाबाट लिइएको आन्तरिक ऋणबाट समेत गरी रु.२ अर्ब १२ करोड खर्च भएको | | | | | | | |

*स्रोत : आर्थिक वर्ष २०७७/७८ को बजेटको अर्ध-वार्षिक समीक्षा प्रतिवेदन, राष्ट्रिय योजना आयोग*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र संभावना

### ६.२.१ चुनौती

पूर्वाधार निर्माण आयोजना निर्धारित समय र लागतमा निर्धारित गुणस्तरसहित सम्पन्न गर्नु, निर्माण व्यवसायीहरूको दक्षता अभिवृद्धि गरी पूर्वाधार विकासमा तीव्रता ल्याउनु, सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरूमा विभिन्न सरोकारवाला निकायहरूबीच आपसी समन्वय कायम गर्नु, पूर्वाधार क्षेत्रका आयोजनाहरू निर्माणको क्रममा घर/जग्गा मुआब्जा सम्बन्धी विवादको शीघ्र समाधान गर्नु, विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड–१९ संक्रमणको जोखिमका बीच राष्ट्रिय गौरबका आयोजना तथा पूर्वाधारको क्षेत्रमा आवश्यक कामदार, विशेषज्ञहरूको उपलब्धता सुनिश्चित गरी आवश्यक कच्चा पदार्थ, मेशिन र उपकरणको सहज आपूर्ति गर्नु एवम् पूर्वाधार क्षेत्रमा पर्याप्त वित्तीय व्यवस्थापन गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ६.२.२ सम्भावना

सरकारले सिँचाई, सडक, विमानस्थल लगायतका पूर्वाधारलाई उच्च प्राथमिकतामा राख्नाले पूर्वाधार निर्माणले गति लिने, द्विपक्षीय तथा बहु-पक्षीय विकास साझेदारबाट पूर्वाधार लगानीलाई प्राथमिकतामा राखेको हुनाले भौतिक पूर्वाधारहरू निर्माणमा लगानी बढ्दै जाने, सिमेन्ट उत्पादनमा देश आत्मनिर्भरतातर्फ उन्मुख रहेको र बढ्दो प्रतिस्पर्धाका कारण यसको मूल्यमा कमी आई निर्माण लागत घट्ने सम्भावना रहेको, जलविद्युत् उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहकोले ऊर्जा उपलब्धता बढ्दै जाने जस्ता अवस्थिति पूर्वाधार क्षेत्रको सम्भावनाको रूपमा रहेका छन् ।

# परिच्छेद ७
# बाह्य क्षेत्र र रोजगारी

## ७.१ वैदेशिक व्यापार

आर्थिक वर्ष २०७७/७८ को ६ महिनामा कुल वस्तु निर्यात ६.१ प्रतिशतले वृद्धि भई रु.६० अर्ब ८० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात २६.१ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ क्रमशः ८.४ प्रतिशत र ४.० प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा ५०.० प्रतिशतले कमी आएको छ ।

आर्थिक वर्ष २०७७/७८ को ६ महिनामा कुल वस्तु आयात ४.८ प्रतिशतले घटेर रु.६ खर्ब ६१ अर्ब २५ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ४.० प्रतिशतले घटेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट भएको आयात ३.५ प्रतिशतले वृद्धि भएको छ भने चीन तथा अन्य मुलुकबाट भएको आयातमा क्रमशः १८.५ प्रतिशत र १७.४ प्रतिशतले कमी आएको छ ।

आर्थिक वर्ष २०७७/७८ को प्रथम ६ महिनामा कुल वस्तु व्यापार घाटा ५.८ प्रतिशतले घटी रु.६०० अर्ब ४५ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ६.१ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात ९.२ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८.२ प्रतिशत रहेको थियो ।

**तालिका ७.१ : पहिलो ६ महिनासम्मको आयात र निर्यातको संरचना (प्रतिशत)**

| क्र.सं. | विवरण | २०७६/७७ | | २०७७/७८ | |
|---|---|---|---|---|---|
| | | आयात | निर्यात | आयात | निर्यात |
| १ | खाद्य तथा पेय पदार्थ | १५.० | ४६.६ | १८.५ | ४६.५ |
| २ | औद्योगिक आपूर्ति | ३५.२ | ३०.८ | ३६.८ | ३१.२ |
| ३ | इन्धन तथा लुब्रिकेन्ट्स | १४.८ | ०.० | ११.६ | ०.० |
| ४ | पुँजीगत वस्तु पार्टस् तथा अन्य सामान (यातायातका साधनबाहेक) | १५.१ | ०.५ | १५.४ | ०.१ |
| ५ | यातायातका साधन, पार्टस् तथा अन्य सामान | १०.० | ०.२ | ८.१ | ०.८ |
| ६ | उपभोग्य सामग्रीहरू | ९.७ | २१.८ | ९.२ | २१.४ |
| ७ | अन्य सामग्रीहरू | ०.२ | ०.० | ०.५ | ०.० |
| | **जम्मा** | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत : भन्सार विभाग*

समीक्षा अवधिमा आयात र निर्यातको संरचनामा खासै परिवर्तन भएको छैन । आर्थिक वर्ष २०७७/७८ को प्रथम ६ महिनाको निर्यातमा खाद्य तथा पेय पदार्थको हिस्सा सबैभन्दा बढी ४६.५ प्रतिशत रहेको छ भने आयातमा औद्योगिक आपूर्तिको हिस्सा सबैभन्दा बढी ३६.८ प्रतिशत रहेको छ ।

भन्सार बिन्दुको आधारमा विश्लेषण गर्दा प्रदेश नं. २ मा रहेका भन्सार कार्यालयबाट सबैभन्दा बढी वस्तु आयात भएको छ भने सुदूरपश्चिम प्रदेशमा रहेका भन्सार कार्यालयबाट सबैभन्दा कम वस्तु आयात भएको छ । यसै गरी प्रदेश नं. १ मा रहेको भन्सार कार्यालयबाट सबैभन्दा बढी निर्यात भएको छ भने सुदूरपश्चिम प्रदेशमा रहेका भन्सारबाट सबैभन्दा कम निर्यात भएको छ । गण्डकी र कर्णाली प्रदेशस्थित भन्सार बिन्दुबाट नगन्य मात्रामा वैदेशिक व्यापार भएको छ । (तालिका ७.२)

**तालिका ७.२ : भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति**

| प्रदेश | प्रमुख भन्सार विन्दुहरू | आयात (रु. दस लाखमा) | निर्यात (रु. दस लाखमा) |
|---|---|---|---|
| प्रदेश नं. १ | भद्रपुर, विराटनगर, मेची, सुनसरी | १,०२,०६७.५ | २२,४७६.० |
| प्रदेश नं. २ | बीरगञ्ज, सुख्खा बन्दरगाह, गौर, जलेश्वर, जनकपुर, राजविराज, सर्लाही, सिराहा, ठाडी | २,९९,६७८.४ | २०,६१३.८ |
| बागमती प्रदेश | रसुवा, तातोपानी, त्रिभुवन विमानस्थल | ६७,६८६.४ | १३,२७७.२ |
| लुम्बिनी प्रदेश | भैरहवा, कृष्णनगर, नेपालगञ्ज, महेशपुर, सुठौली | १,७७,६४४.५ | ४,१७०.९ |
| सुदूरपश्चिम प्रदेश | कैलाली, कञ्चनपुर, सत्ती | १४,१६८.६ | २६१.३ |
| **जम्मा** | | **६,६१,२४५.४** | **६०,७९९.२** |

*स्रोत : भन्सार विभाग*

आर्थिक वर्ष २०७७/७८ को प्रथम छ महिनामा आयात गरिएका मुख्य वस्तुहरूमा पेट्रोलियम पदार्थ, सवारी साधन तथा पार्टपुर्जा, मेसिनरी उपकरण तथा पाटपुर्जा, एम.एस. बिलेट, धान/चामल, सञ्चार उपकरण, भटमासको कच्चा तेल, औषधि, तयारी पोसाक तथा सुन रहेका छन् भने सोही अवधिमा निर्यात गरिएका मुख्य वस्तुहरूमा अलैंची, पोलिस्टर धागो, गलैंचा, जुटका सामान, तयारी पोसाक, जुस, कपडा, पश्मिना, पिना तथा जडिबुटी रहेका छन् । भंसारविन्दु अनुसार गरिएको निर्यात तथा आयातका वस्तुहरू तालिका ७.३ मा दिइएको छ ।

**तालिका ७.३ :- भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरू**

| प्रदेश | आयात | निर्यात |
|---|---|---|
| प्रदेश नं. १ | फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, भटमासको कच्चा तेल, मकै, काँचो सनपाट, फलाम वा इस्पातका फ्ल्याट रोल्ड उत्पादन, एल.पी.ग्याँस, पेट्रोल, डिजल । | भटमासको तेल, अलैंची, चिया, जुटका कपडा, जुटको बोरा तथा झोला, नाइलन/पोलिस्टरका कपडा, धागो, पास्ता । |
| प्रदेश नं. २ | डिजल, पेट्रोल, भटमासको कच्चा तेल, एल.पी.ग्याँस, औषधी, कोइला, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, धान, दाल । | भटमासको तेल, फलफूलको रस, औषधीजन्य वस्तु, फेल्टका सामान, दन्त मञ्जन, कपडाको जुत्ता, बुनिएका कपडा, पीना, गलैंचा, कपासको बिउको तेल । |
| बागमती प्रदेश | सेलुलर टेलिफोन, सुन, सैन्य सामग्री, कम्प्युटर तथा कम्प्युटरका सामान, प्रयोगशालाका सामान, चाँदी, मेडिकल औजार तथा उपकरण, नेटवर्क स्वीच तथा राउटर, कम्प्युटर उपकरण, स्वास्थ्य उपकरण । | गलैंचा, पश्मिना, फेल्टका सामान, जीवजन्तुको आहार, ऊनको तयारी पोसाक, सुतीको तयारी पोसाक, सजावटका सामान, बाद्ययन्त्र, तारपिन तेल । |
| लुम्बिनी प्रदेश | फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, मोटरसाइकल, चामल, डिजल, सेलुलर टेलिफोन, कोइला, टायल, सवारी साधन, चिनी । | भटमासको तेल, जडिबुटी, धागो, पीना, कत्था, पास्ता, स्टेनलेस स्टीलको भाडा माझ्ने सामान, चोकर, रोजिन, पोलिथिन झोला । |
| सुदूरपश्चिम प्रदेश | डिजल, चामल, गहुँ, पेट्रोल, ट्याक्टर/ट्रेलर, एल.पी.ग्याँस, कागज, जेनेरेटर, दालमोट/भुजिया आदि । | कत्था, रोजिन, तारपिन तेल, जडिबुटी, खयर कच्छा, खुदो, मूर्तिकला, उखुको छोक्रा, हस्तकला । |

*स्रोत : भन्सार विभाग*

समग्र देशको निर्यातमा अलैंची, चिया, अदुवा, जडिबुटी, पश्मिना, धागो, तयारी पोसाक, छाला, जुत्ता, गलैंचा, जुस, दाल, सुन-चाँदीका गहना, चाउचाउ, तयारी पोसाक, मह, कफी तथा जलविद्युत् जस्ता तुलनात्मक तथा प्रतिष्पर्धात्मक लाभका वस्तुहरू रहेका छन् । यसैगरी, सेवा क्षेत्र अन्तर्गत पर्यटन क्षेत्र र सूचना प्रविधि क्षेत्रका दक्ष तथा अर्द्धदक्ष जनशक्ति प्रतिष्पर्धात्मक लाभका क्षेत्र रहेका छन् । प्रदेशगतरूपमा निर्यातका सम्भावना भएका वस्तुहरू तालिका ७.४ मा दिइएको छ ।

**तालिका ७.४ : प्रदेशगत आधारमा निर्यात सम्भावना भएका वस्तु**

| प्रदेश | वस्तु |
|---|---|
| प्रदेश नं. १ | चिया, अलैंची, अदुवा, रुद्राक्ष, धागो । |
| प्रदेश नं. २ | माछा, आँप, छाला । |
| बागमती प्रदेश | पश्मिना सल, ऊनी गलैंचा, फेल्टका सामान (खेलौना), तयारी पोसाक, जुत्ता, हस्तकला । |
| गण्डकी प्रदेश | चामल, गहुँ, मकै, कोदो, फापर, जौ, अदुवा, कफी, अलैंची, सुन्ताला, स्याउ, जडीबुटी , जलविद्युत्, ऊन । |
| लुम्बिनी प्रदेश | रोजिन र रोजिन एसिड, पोलिष्टर यार्न, कफी, अदुवा । |
| कर्णाली प्रदेश | गहुँ मकै, आलु, स्याउ, उन, अदुवा, जडिबुटी । |
| सुदूरपश्चिम प्रदेश | तरकारी, जैतुनको तेल, जडीबुटी , टर्पेन्टाइन तेल, रोजिन र रोजिन तेल, फलफूल, दुग्धजन्य पदार्थ, जलविद्युत् । |

*स्रोत : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र ।*

## ७.२ रोजगारी

कोभिड-१९ ले गर्दा अनौपचारिक क्षेत्रमा कार्यरत धेरै श्रमिकहरूको रोजगारी गुमेको अवस्था छ । बेरोजगार व्यक्तिहरूलाई रोजगार दिन सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २०७७ पुस १६ गतेसम्म ७ लाख ४३ हजार ४४ जना रोजगारको लागि सूचीकृत रहेकोमा ७ हजार ८ सय ३० जनाले रोजगारी पाएका छन् । आर्थिक वर्ष २०७७/७८ मा यस कार्यक्रमको लागि नेपाल सरकारले रु ११ अर्ब ६० करोड बजेट विनियोजन गरेको छ ।

**तालिका ७.५ : २०७७/१०/१६ सम्मको प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी विवरण**

| प्रदेश | सूचीकृत बेरोजगार | | | रोजगारीमा खटिएका सङ्ख्या | जम्मा रोजगारी दिन | आयोजना सङ्ख्या |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | | | |
| प्रदेश नं. १ | ६२,३१२ | ३३,८१६ | ९६,१२८ | २,४९३ | ११,३५२ | ४९३ |
| प्रदेश नं. २ | ४५,१२८ | ३४,४७६ | ७९,६०४ | १०६ | ५४६ | १०५ |
| बागमती प्रदेश | ५५,६७३ | ४१,३७३ | ९७,१०४ | ८२९ | २,३६५ | ३७४ |
| गण्डकी प्रदेश | ३७,४०८ | २१,२८१ | ५८,६८९ | ५४० | ४,५२४ | १८८ |
| लुम्बिनी प्रदेश | ६३,६२६ | ५०,४२२ | १,१४,०४८ | ९७४ | ९६७ | ४५६ |
| कर्णाली प्रदेश | ८१,२७५ | ६०,७०७ | १,४१,९८२ | १,७५७ | ८,३८७ | ५४० |
| सुदूरपश्चिम प्रदेश | ८२,६४० | ७२,३४७ | १,५४,९८७ | १,१५१ | २६,२८५ | ४४२ |
| जम्मा | ४,२८,०६२ | ३,१४,४२२ | ७,४३,०४४ | ७,८३० | ५४,४२६ | २,५७८ |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम*

सूचीकृत वेरोजगारको तथ्याङ्क हेर्दा सबैभन्दा बढी व्यक्तिहरू (१,५४,९८७ जना) सुदूरपश्चिम प्रदेशबाट सूचीकृत भएको देखिन्छ भने सबैभन्दा कम गण्डकी प्रदेशबाट ५८ हजार ६ सय ८९ जना रोजगारीको लागि आवेदन दिई सूचीकृत भएको देखिन्छ । करिव २ लाख जनालाई कम्तीमा १०० दिनको रोजगारी दिने लक्ष्य रहेको यस कार्यक्रमले सबै सूचीकृत व्यक्तिहरूलाई रोजगार प्रदान गर्न नसक्ने देखिन्छ । नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/७६ अनुसार राष्ट्रिय बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । प्रदेश नं. २ मा सबैभन्दा बढी २०.१ प्रतिशत बेरोजगारी दर रहेको छ भने बागमती प्रदेशमा सबैभन्दा कम ७.० प्रतिशत बेरोजगारी दर रहेको छ ।


**तलिका ७.६ : रोजगारी विवरण**

| प्रदेश | रोजगार सङ्ख्या | बेरोजगार सङ्ख्या | रोजगारी सङ्ख्या | श्रम शक्ति | बेरोजगारी दर (%) | श्रम शक्ति सहभागिता दर (%) |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ | १,२०८ | १३६ | २,२११ | १,३४४ | १०.२ | ३७.८ |
| प्रदेश नं. २ | १,२६१ | ३१७ | २,३९५ | १,५७८ | २०.१ | ३९.७ |
| बागमती | २,१२९ | १६१ | २,५७५ | २,२९० | ७ | ४७.१ |
| गण्डकी | ६०६ | ६० | १,२०२ | ६६६ | ९ | ३५.७ |
| लुम्बिनी | १,१३९ | १४४ | २,१५४ | १,२८३ | ११.२ | ३७.३ |
| कर्णाली | २८८ | ३१ | ८४३ | ३१९ | ९.७ | २७.५ |
| सुदुरपश्चिम | ४५५ | ५९ | १,३७० | ५१३ | ११.५ | २७.३ |
| **जम्मा** | **७,०८६** | **९०८** | **१२,७५०** | **७,९९४** | **११.४** | **३८.५** |

*स्रोत : केन्दीय तथ्याङ्क विभाग (सङ्ख्या हजारमा)*

यसै गरी बाह्य रोजगारीतर्फ समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको सङ्ख्या ७७.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या १७.७ प्रतिशतले बढेको थियो । वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या समीक्षा अवधिमा ६८.९ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ०.५ प्रतिशतले बढेको थियो ।

वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार प्रादेशिक रूपमा तुलना गर्दा सन् २०१८/१९ मा श्रम स्वीकृति लिने मध्ये प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २४.४ छ भने सुदूरपश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम २.६ प्रतिशत रहेको छ (चार्ट ७.१) ।




स्रोतः वैदेशिक रोजगार विभाग

## ७.३ ह्वाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती र सम्भावना

### ७.३.१ चुनौती

प्रत्येक वर्ष बढ्दै गएको व्यापार घाटामा कमी ल्याउनु, पर्यटन क्षेत्रलाई प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जन वृद्धि गर्नु, विप्रेषण आयको उल्लेख्य अंश उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नु, औपचारिक प्रणालीमार्फत विप्रेषण भित्र्याउनु, निर्यात प्रवर्द्धनका लागि वस्तु र देशगत विविधीकरण गर्नु, आन्तरिक रोजगारीका अवसरहरू सृजना गर्नु, वैदेशिक रोजगारीमा जाने नेपालीको दक्षता वृद्धि गर्नुका साथै मर्यादित रूपमा वैदेशिक रोजगारीमा पठाउनु आदि बाह्य क्षेत्र तथा रोजगारी सिर्जनाका चुनौतीको रूपमा रहेका छन् ।

### ७.३.२ सम्भावना

बाह्य क्षेत्रमा सरकारले ऐन, नियम तथा नीतिमा समयानुकुल सुधार गर्दै लगेकाले लगानीको वातावरणमा सुधार हुँदै आएको, लगानी विस्तारका कारण रोजगारी सिर्जना हुने र निर्यात बढ्न सक्ने सम्भावना रहेको, जलविद्युत् उत्पादन गरी छिमेकी देशमा निर्यात गर्न सकिने, निर्यात वृद्धिको प्रवृत्ति सकारात्मक देखिएकाले व्यापार घाटामा कमी आउन सक्ने जस्ता सम्भावना रहेका छन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनले आन्तरिक रूपमा रोजगारी सृजना गर्न सक्ने सम्भावना रहेको छ । व्यावसायिक रूपमा कृषि कर्महरू बढदै गएकोले कृषि उत्पादन बढ्ने तथा कृषि उपजको आयात प्रतिस्थापनका अतिरिक्त रोजगारी सृजनाको सम्भावना रहेको छ ।

# परिच्छेद ८
# संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

प्रस्तुत परिच्छेदमा संघीय सरकार र प्रदेश सरकारको बजेट एवम् कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगति विवरण तथा कार्यन्वयनमा रहेका प्रमुख योजनाहरूबारे प्रादेशिक रूपमा विश्लेषण गरिएको छ ।

## ८.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन

आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकारले कुल रु.१४ खर्ब ७४ अर्ब बजेट विनियोजन गरेकोमा २०७७ पुस मसान्तसम्ममा रु.४ खर्ब १५ अर्ब खर्च भएको छ। उक्त रकम संशोधित अनुमानको ३०.९ प्रतिशत हो। समीक्षा अवधिमा प्रदेशगत खर्च बजेटको १८ प्रतिशत मात्र हुन सकेको देखिन्छ। नेपाल सरकारले बजेटको अर्धवार्षिक समीक्षामा वार्षिक बजेटलाई संशोधन गरी कुल रु १३४४ अर्ब ७० करोड बनाएको थियो।

**तालिका ८.१ : आर्थिक वर्ष २०७७/७८ को संघीय बजेटको अर्ध-वार्षिक प्रगति विवरण**

| शीर्षक | २०७७/७८ को बजेट रकम (रु.अर्बमा) | पुससम्मको यथार्थ खर्च (रु.अर्बमा) | २०७७/७८ को संशोधित अनुमान (रु.अर्बमा) | पुससम्मको यथार्थ खर्च (प्रतिशत) |
|---|---|---|---|---|
| चालु खर्च | ९४८.९ | ३४२.४ | ९१४.८ | ३७.४ |
| पुँजीगत खर्च | ३५२.९ | ५०.८ | २८३.० | १८.० |
| वित्तीय व्यवस्था | १७२.८ | २२.६ | १४६.९ | १५.४ |
| जम्मा | १४७४.६ | ४१५.७ | १३४४.७ | ३०.९ |

*स्रोत : अर्थ मन्त्रालय ।*


आ.व. २०७७/७८ मा कुल प्रादेशिक बजेट रु.२ खर्ब ६४ अर्ब विनियोजन भएकोमा समीक्षा अवधिमा १४.९ प्रतिशत अर्थात् रु.१९ अर्ब ७० करोड खर्च भएको छ। जसमध्ये चालु खर्च १७.३ प्रतिशत र पुँजीगत खर्च १४.१ प्रतिशत भएको छ । यसरी संघीय सरकारका अतिरिक्त प्रदेश सरकारहरूको पुँजीगत बजेट खर्च कमजोर रहेको छ।

**तालिका ८.२ : आर्थिक वर्ष २०७७/७८ को प्रदेशगत बजेटको अर्ध-वार्षिक प्रगति विवरण**

| प्रदेश | बजेट रकम (रु.अर्बमा) | | | खर्च रकम (रु.अर्बमा) | | | खर्च (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| प्रदेश नं. १ | ४०.९ | १८.९ | २१.९ | ७.६ | २.८ | ४.९ | १८.७ | १४.७ | २२.१ |
| प्रदेश नं. २ | ३३.६ | १५.४ | १८.० | ३.२ | १.६ | १.६ | ९.६ | १०.३ | ९.० |
| बागमती | ५१.४ | २६.३ | २५.१ | ७.७ | ४.५ | ३.३ | १५.० | १७.० | १२.९ |
| गण्डकी | ३४.८ | १४.४ | २०.० | ५.३ | २.० | ३.३ | १५.१ | १३.७ | १६.५ |
| लुम्बिनी | ३६.४ | १२.६ | १८.६ | ८.३ | ४.७ | ३.५ | २२.८ | ३७.७ | १९.० |
| कर्णाली | ३३.७ | ११.६ | १९.१ | २.८ | १.७ | १.१ | ८.४ | १४.८ | ५.९ |
| सुदूर पश्चिम | ३३.४ | १४.२ | १६.८ | ४.३ | २.३ | २.० | १२.८ | १६.२ | ११.८ |
| **जम्मा/समग्र** | **२६४.२** | **११३.४** | **१३९.५** | **३९.३** | **१९.६** | **१९.७** | **१४.९** | **१७.३** | **१४.१** |

*स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालयहरू*

आर्थिक वर्ष २०७७/७८ मा सबैभन्दा बढी बागमती प्रदेशमा रु.५१ अर्ब ४३ करोड बजेट विनियोजन भएको थियो भने सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम रु.३३ अर्ब ३८ करोड बजेट विनियोजन भएको थियो । खर्चतर्फ लुम्बिनी प्रदेशमा सबैभन्दा बढी कुल विनियोजनको २२.८ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम कुल विनियोजनको ८.४ प्रतिशत खर्च भएको छ ।




*स्रोत: अर्थ मन्त्रालय तथा आर्थिक मामिला तथा योजना मन्त्रालय*

## ८.२ अन्य कार्यक्रमको कार्यान्वयन

कृषि उत्पादनका विशिष्टीकृत क्षेत्र निर्धारण गरी उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्ने र कृषिको आधुनिकीकरण एवम् व्यावसायीकरणमार्फत कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा आधारित अर्थतन्त्रमा रूपान्तरित गर्ने अवधारणामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत ५८ कार्यान्वयन इकाईमार्फत ७७ जिल्लामा १०६ जोन र १६ सुपर जोन सञ्चालनमा रहेका छन् । यस कार्यक्रम अन्तर्गत सञ्चालित ४ हजार ३ सय २ आयोजनामार्फत ५४१ स्थानीय तहमा १ लाख ५ हजार ६ सय ३५ व्यक्तिले औसत १२.४ दिन रोजगार पाएका छन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालित विभिन्न रोजगार लक्षित कार्यक्रमबाट ४८ हजार ७ सय ८१ व्यक्तिलाई पूर्ण रोजगारी प्राप्त भएको छ ।

प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ मा विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याएका थिए । प्रदेश सरकारले सञ्चालनमा ल्याएका महत्वपूर्ण कार्यक्रमहरू देहाय बमोजिम रहेका छन् :

### प्रदेश नं. १

नवप्रवर्तन कृषि कार्यक्रम, पशु स्वास्थ्य कार्यक्रम, कृषक पाठशाला कार्यक्रम, सघन बाली विकास कार्यक्रम, सबै किसानका साथमा प्रदेश सरकार कार्यक्रम, एक स्थानीय तह एक फलफूल नर्सरी कार्यक्रम, विपन्न समुदायको लागि जनता आवास कार्यक्रम, विपन्न जनता लक्षित सौर्य उर्जा उज्यालो कार्यक्रम, एक जिल्ला एक उत्पादन कार्यक्रम, तराई-मधेस हरियाली वन विकास कार्यक्रम, सिमसार र जलाधार क्षेत्रको संरक्षणको लागि बेसिनमा आधारित एकीकृत जलाधार संरक्षण कार्यक्रम, प्रदेश प्रमुख जेष्ठ नागरिक दन्त उपहार कार्यक्रम, समृद्ध प्रदेशका लागि आत्मनिर्भर छोरी कार्यक्रम, मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र कार्यक्रम, जनतासँग मुख्यमन्त्री, डिजिटल प्रदेश निर्माण कार्यक्रम घोषणा गरिएको छ ।

## प्रदेश नं. २

प्रदेश आयोजना बैंक तयार गर्ने, मुख्यमन्त्री रोजगार कार्यक्रम, प्रदेश प्रमुख रोजगार कार्यक्रम, नवप्रवर्तत कृषि रोजगार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम, राष्ट्रिय तेलहन बाली, नवलपुर तथा राष्ट्रिय धानबाली अनुसन्धान केन्द्र, कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन कार्यक्रम, आपतकालीन बाढी पहिरो पुनर्स्थापना कार्यक्रम, गढीमाई र सिम्रौनगढ पर्यटकीय विकास कार्यक्रम, बेटी पढाउ बेटी बचाउ कार्यक्रम घोषणा गरिएको छ ।

## बागमती प्रदेश

मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम, एक विद्यालय एक नर्स कार्यक्रम, प्रदेश सरकार-शिक्षालय सहकार्य कार्यक्रम, युवा वैज्ञानिक प्रोत्साहन कोष, पूर्वाधार आत्मनिर्भर रोजगार कार्यक्रम, धान, मकै, गहुँ, कोदो, फापर, आलुमा न्यूनतम बचत ग्यारेन्टी सहितको न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने कार्यक्रम, दूग्ध विकास कार्यक्रममार्फत गरिबी निवारण परियोजना, उद्यमीको हात प्रदेश सरकारको साथ कार्यक्रम, एक स्थानीय तह एक उद्योग ग्राम कार्यक्रम, पर्यटन पूर्वाधार विकास कार्यक्रम, मुख्यमन्त्री सडक कार्यक्रम, खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम, एक घर एक धारा कार्यक्रम, खानेपानी गुणस्तर सुधार कार्यक्रम, तालतलैया, पोखरी तथा ढुङ्गेधारा संरक्षण कार्यक्रम, बागमती प्रदेश पूर्ण उज्यालो कार्यक्रम, प्रदेश पूर्वाधार विकास कार्यक्रम घोषणा गरिएको छ ।

## गण्डकी प्रदेश

मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रम, भगत सर्वजीत सीप विकास कार्यक्रम, व्यावसायिक सीपमूलक र रोजगारमूलक तालिम कार्यक्रम, उच्च घनत्वमा आधारित स्याउ खेती विकास कार्यक्रम, बाली तथा पशुपन्छी बिमा कार्यक्रम, सहुलियत ब्याजदरमा कृषि ऋण उपलब्ध गराउने कार्यक्रम, मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रम, एक सहकारी-एक उत्पादन कार्यक्रम, एक स्थानीय तह-एक उद्योग ग्राम स्थापना कार्यक्रम, दिगो वन व्यवस्थापन कार्यक्रम, जनता आवास कार्यक्रम, आधारभूत खानेपानी कार्यक्रम तथा एक घर-एक धारा खानेपानी कार्यक्रम घोषणा गरिएको छ ।

## लुम्बिनी प्रदेश

समृद्धिको अभियान : छोरीहरूको पहुँचमा विज्ञान कार्यक्रम, हात हातमा कृषि सामग्री : गाउँ गाउँमा रोजगारी अभियान, स्मार्ट कृषि गाउँ कार्यक्रम, सबै कृषकका लागि सुलभ कर्जा आभियान, खैरेत रोग उन्मूलन अभियान, एक वडा एक हरित स्वयंसेवक कार्यक्रम, एक स्थानीय तह, एक उत्पादन कार्यक्रम, नेपाली किनौं, नेपाल बनाऔं अभियान, भगत सर्वजीत सीप विकास प्रर्वद्धन कार्यक्रम, घर-घरमा जडिबुटी कार्यक्रम, एक घर एक धारा कार्यक्रम, प्रत्येक पालिकामा खेल मैदान निर्माण कार्यक्रम घोषणा गरिएको छ ।

## कर्णाली प्रदेश

समृद्ध कर्णाली सुखारी कर्णालीबासीको दीर्घकालीन सोचसहित एक स्थानीय तह एक अन्न भकारी कार्यक्रम, आफ्नो गाँउ : आत्मनिर्भर बनाऊँ, मुख्यमन्त्री रोजगार कार्यक्रम, खाद्यान्नको लागि श्रमसहितको रोजगारी कार्यक्रम, रोजगारमूलक पूर्वाधार विशेष कार्यक्रम, मुख्यमन्त्री सामाजिक सुरक्षा र जीविकोपार्जन कार्यक्रम, एक स्थानीय तह एक उत्पादन विशेष कार्यक्रम, मेरो किसान मेरो अन्नदाता कार्यक्रम, एक वडा एक पोखरी कार्यक्रम, एक सहकारी एक उत्पादन कार्यक्रम, बैक खाता छोरीको सुरक्षा जीवनभरिको, दलित महिला आय आर्जन कार्यक्रम, कर्णाली उज्यालो कार्यक्रम, एकीकृत बस्ती विकास तथा सामाजिक रूपान्तरण कार्यक्रम, जनतासँग कर्णाली सरकार कार्यक्रम घोषणा गरिएको छ ।

## सुदूरपश्चिम प्रदेश

एक स्थानीय तह, एक औद्योगिक ग्राम कार्यक्रम, हरेक निर्वाचन क्षेत्र २ नवीन उद्योग, प्रत्येक स्थानीय तहमा लघु तथा घरेलु उद्योग स्थापना कार्यक्रम, युवा उद्यम कार्यक्रम, मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम, मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रम, एक स्थानीय तह, एक कृषि उपज उत्पादन कार्यक्रम, प्रदेशका गाउँ उज्यालो बनाऊँ कार्यक्रम घोषणा गरिएको छ ।

# परिच्छेद ९
# आर्थिक परिदृष्य

## ९.१ मूल्य स्थिति

कोभिड-१९ महामारीका कारण औद्योगिक उत्पादनमा कमी आउने, आपूर्ति शृंखला प्रवाहित हुने तथा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भइरहेका कारण मुद्रास्फीतिमा चाप पर्ने सम्भावना छ । साथै, कोभिड-१९ का कारण आन्तरिक माग शिथिल रहेकोले मूल्यमा कम चाप पर्ने देखिन्छ । माग र आपूर्ति पक्षलाई हेर्दा मूल्य सिमान्त रूपमा बढे पनि समग्रमा एकल अङ्कमा रहने देखिन्छ ।

## ९.२ कृषि उत्पादन

यस वर्ष सबै प्रदेशमा मौसम अनुकूल रहने प्रक्षेपण रहेकोले कृषि उत्पादन भने बढ्ने आँकलन गरिएको छ भने कोभिड-१९ महामारीका कारण व्यावसायिक कृषि गतिविधिमा ह्रास आउने आँकलन गरिएको छ । कृषि क्षेत्रका सम्बन्धमा नेपाल सरकार लगायत प्रदेश सरकारहरूले ल्याएका कार्यक्रमहरू कार्यान्वयन गरिएमा यस क्षेत्रमा रूपान्तरण आउने अपेक्षा गर्न सकिन्छ ।

## ९.३ औद्योगिक उत्पादन

कोभिड-१९ को दोस्रो लहरका कारण अधिकांश उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन नसकेकोले समग्र औद्योगिक उत्पादन घट्ने देखिएको छ । तापनि, उद्योगहरूको उत्पादन क्षमता गत वर्षभन्दा बढी रहेको र पुनः लकडाउन नभएमा उद्योगहरू पूर्ण क्षमतामा सञ्चालनमा जान सक्ने सम्भावना रहेको छ । २०७७ मंसिर महिनामा नेपाल राष्ट्र बैंकले गरेको पहिलो पुनरावृत्ति सर्वेक्षणले बन्दाबन्दी खुकुलो भएसँगै उद्योग व्यवसायहरू क्रमशः खुल्दै गई पुनरुत्थान हुन लागि रहेको देखाएको छ । कोभिड-१९ का थप लहरहरू नआएमा औद्योगिक उत्पादनमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

## ९.४ सेवा क्षेत्र

कोभिड-१९ को लहरहरूका कारण समग्र सेवा क्षेत्रको आम्दानी घट्ने देखिएको छ । खासगरी, अन्तर्राष्ट्रिय पर्यटक आगमन अझै खुल्न नसकेको, कोभिड-१९ संक्रमण समाप्त हुन समय लाग्ने देखिएकोले पर्यटन क्षेत्र थप प्रभावित हुने र यस क्षेत्रको पुनरुत्थान हुन लामो समय लाग्ने देखिन्छ । त्यस्तै, यातायात र मनोरञ्जन जस्ता क्षेत्रमा सुधार आउन समय लाग्ने देखिन्छ ।

## ९.५ पूर्वाधार क्षेत्र

कोभिड-१९ को थप लहरका कारण निर्माण सम्बन्धी सामग्री तथा मजदूरको आपूर्तिमा समस्या लगायतका कारण पूर्वाधार सम्पन्न हुने समय र लागत बढ्ने देखिएको छ । राष्ट्रिय गौरवका रूपमा रहेको माथिल्लो तामाकोशी आयोजना आर्थिक वर्षको अन्त्यसम्ममा सम्पन्न हुने देखिएको छ ।

## ९.६ ह्बाह्य क्षेत्र

वैदेशिक रोजगारीमा गएका कामदार फर्कने तथा नयाँ कामदार जाने क्रम केही समय रोकिने देखिएकाले विप्रेषण आप्रवाहमा शिथिलता आउने, पर्यटक आगमन सङ्ख्या घट्ने, कोभिड नियन्त्रणका लागि आवश्यक खोप तथा सामग्री आयात गर्नुपर्ने कारण व्यापार घाटा बढ्न गई शोधनान्तर स्थितिमा चाप पर्ने देखिन्छ ।

***